“सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक”

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

बर्ष ८ अंक १७, मंसिर-पुस, २०७६ www.ncbl.coop November 2019- January 2020

# सहकारी बैंकको १६ औं वार्षिक साधारणसभा सम्पन्न

## सहकारी क्षेत्रको नियमनका लागि छुट्टै निकाय बनाऔं : अर्थमन्त्री खतिवडा

काठमाडौं । अर्थमन्त्री डा.युवराज खतिवडाले मुलुकको आर्थिक विकासका लागि सहकारी क्षेत्रलाई थप व्यवस्थित र प्रभावकारी बनाउनु पर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १६ औं वार्षिक साधारणसभाको ३ पुस गते बिहीवार काठमाडौंमा उद्घाटन गर्दै अर्थमन्त्री खतिवडाले सहकारी क्षेत्रलाई अझै प्रभावकारी बनाउनका लागि सहकारी क्षेत्रको छुट्टै नियमनकारी निकायको आवश्यकता रहेको बताउनुभएको हो ।

सहकारी क्षेत्रले नियमनको काम नेपाल राष्ट्र बैंकले गरिदिए राम्रो हुन्थ्यो भन्ने आशा गरेको छ, खतिवडाले भन्नुभयो-राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको अनुगमन, नियमन गर्छ, सहकारी क्षेत्रका लागि सहकारीकै छुट्टै



नियमनकारी निकाय बनाउन जरुरी छ ।

सहकारीको संरचना ठुलो भइसक्यो, एउटा मन्त्रालयको एउटा विभागले कति सहकारीलाई हेर्न सक्छ ? अहिलेको सहकारीको संरचना कम हुन्छ, सहकारी क्षेत्रको प्रभावकारी नियमनकारी निकायका लागि ध्यान दिनु पर्नेमा उहाँको जोड थियो । सहकारीहरु सहकारीकै अवधारणा अनुसार चल्नु पर्छ भन्दै उहाँले सहकारीलाई कम्पनीकरण गर्ने कार्य तर्फ नलाग्न सुझाव दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव बडालले सहकारी बैंकले देशभरका सहकारीहरुको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको बताउनुभएको हो । उहाँले सहकारीहरुले सामाजिक न्याय र उत्पादन वृद्धिको विषयलाई गंभिरता पूर्वक लिनु पर्नेमा जोड दिनुभयो । सामाजिक न्यायको कुरा गर्दा उत्पादन

बाँकी पेज ५ मा

# सहकारी बैंकको आयोजनामा कोअपरेटिभ लिडर्स नेशनल फोरम

## समाजबादको सारथी बन्न सहकारीलाई मन्त्री अर्यालको आग्रह



काठमाडौं । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले सहकारी क्षेत्रलाई एकीकृत ढंगले उत्पादन क्षेत्रमा लगानी गरी समाजबादको सारथी बन्न आग्रह गर्नुभएको छ ।

संघीय राजधानी काठमाडौंमा २ पुस गते बुधवार राष्ट्रिय सहकारी बैंकको आयोजनामा सम्पन्न भएको **“को-अपरेटिभ लिडर्स नेशनल फोरम २०७६”** कार्यक्रममा बोल्दै मन्त्री अर्यालले देशको समृद्धिका लागि मुलुकभर छरिएर रहेका सहकारीहरुले एकीकृत र व्यवसायिक ढंगले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने कुरामा जोड दिनुभएको हो । मन्त्री अर्यालले भन्नुभयो, पूँजीको निर्माण बिना समाजबाद

बाँकी पेज ४ मा

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**
माधवलाल देवकोटा

**सदस्यहरु**
राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**
नविन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
नविन पौडेल, मनोज श्रेष्ठ, बिबेक खड्का, सस्मित ढुंगाना

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फ्याक्सः +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

**मुद्रण**
हिमालयन अफसेट प्रिन्टिङ्ग प्रेस
बालकोट, भक्तपुर

## सम्पादकीय

### सहकारी ऐन अविलम्ब संशोधन गरौं

नेपालमा सहकारीको शुरुवात २०१३ सालमा भयो । २०१६ सालमा सहकारी ऐन आयो तर त्यो ऐनले सहकारीलाई प्रभावकारी बनाउन सकेन । प्रजातान्त्रिक सरकारले ऐन ल्याएको थियो । लगत्तै देशमा पञ्चायती व्यवस्था आयो र पञ्चायतले सहकारीलाई सहकारीको मूल्य, मान्यता अनुसार अगाडि बढाउन सकेन । राज्य नियन्त्रित सहकारी २०४६ सम्मै रहृयो । २०४८ मा आएको सहकारी ऐनले सदस्य केन्द्रीत व्यवसायका रुपमा सहकारीलाई अगाडि बढायो । जसका कारण नेपालमा सहकारी अभियानको विकास र विस्तार भयो । २०६३ को अन्तरिम संविधानले तीन खम्बे अर्थनीतिको एक अंग सहकारीलाई मान्ने अवस्था ल्याउनका लागि २०४८ को सहकारी ऐन प्रमुख आधार हो ।

२०७४ सालमा नयाँ सहकारी ऐन आएको छ । नयाँ सहकारी ऐनले सहकारीका धेरै विषयलाई स्पष्ट, सहज र प्रभावकारी बनाएको छ । देशव्यापी रुपमा विकास र विस्तार भएको करिब ६५ लाख जनता आवद्ध भएको, आर्थिक विकासको महत्वपूर्ण साझेदारका रुपमा स्थापित भएको, कर योग्य नागरिक उत्पादन गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको सहकारी क्षेत्रलाई थप प्रभावकारी र व्यवस्थित गराउदै राज्यले लिएको सुखी नेपाली : समृद्ध नेपालको नारालाई सफल पार्नका लागि सहकारी क्षेत्रलाई थप प्रभावकारी र व्यवस्थित गराउदै स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्न आवश्यक छ । त्यसका लागि सहकारी ऐन सहकारीमैत्री हुन जरुरी छ ।

सहकारी ऐन २०७४ जारी भएको २ वर्ष पुरा भइ सकेको छ । यसका कतिपय प्रावधानहरु कार्यान्वयन हुन नसक्ने अवस्थामा छन् । मन्त्रालयले ऐन परिमार्जनका लागि कार्यदल समेत बनाएको अवस्था छ । राष्ट्रिय सहकारी महासंघको अगुवाईमा सहकारीलाई थप प्रभावकारी बनाउनका लागि संशोधन गर्नु पर्ने विषय मन्त्रालयमा पेश भएको छ । नेपालमा विभिन्न विषयका सहकारीहरु छन् । वर्तमान ऐनले मुख्य कारोबारको विषयमा गरेको प्रावधानले वचत तथा ऋण बाहेकका सहकारीहरु नरहने अवस्था सिर्जना भएको छ । पूँजि निर्माणका लागि वचत अनिवार्य छ, बिना पूँजि कुनै पनि व्यवसाय सञ्चालन गर्न नसकिने भएकाले ऐन संशोधन गर्दा मुख्य कारोबारका रुपमा आफ्नो विषयको काम अनिवार्य गर्नु पर्ने र थप कामका रुपमा बचत तथा ऋणको कारोबार गर्न पाउनु पर्ने व्यवस्था गर्नु पर्छ । प्रतिशत तोकेर मुख्य कारोबारलाई केन्द्रीत गराउने कुराले शिक्षा, स्वास्थ्य, सञ्चार लगायत सेवा क्षेत्रका सहकारीहरु हराएर जाने अवस्था छ । मुख्य कारोबार, माथिल्लो संघ वा बैंकमा सञ्चालक हुने व्यवस्था लगायतका विषयमा गम्भिरताका साथ मनन गरेर ऐन संशोधन गरी सहकारीलाई वचत तथा ऋण, सेवा र उत्पादनका क्षेत्रमा थप सक्रिय तथा प्रभावकारी बनाउन आवश्यक छ ।

## नेपाल भ्रमण वर्ष २०२० को उद्घाटनमा राष्ट्रिय सहकारी बैंकको सहभागिता




काठमाडौं । नेपाल भ्रमण वर्ष २०२० को दशरथ रंगशाला, त्रिपुरेश्वरमा पुष १६ गते भएको उद्घाटन कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेडले सहभागिता जनाएको हो, उद्घाटन कार्यक्रम सफल पार्नको लागि बैंकको तर्फबाट बैंकका सञ्चालकहरु लगायत उपत्यका भित्र तथा केन्द्रीय कार्यालयका कर्मचारीहरुको सक्रिय सहभागिता रहेको थियो, सो कार्यक्रममा सहकारी क्षेत्रको प्रतिनिधित्व राष्ट्रिय सहकारी महासंघ र राष्ट्रिय सहकारी बैंक लिमिटेड लगायत अन्य सहकारी संघ/संस्थाहरुले गरेका थिए ।

# बैंकको सदस्य सेवा परिचय

## NCBL CARE

सहकारी संघ/संस्थाहरुको स्तरोन्नतीको स्पष्ट उद्धेश्यका साथ अगाडि बढिरहेको सहकारी बैंकले सहकारी स्तरीकरण कार्यक्रमको विकास गरेको कुरा सम्पूर्ण सदस्य सहकारी संघ/संस्थाहरुलाई जानकारी गराउछौं । स्तरीकरण कार्यक्रम अन्तर्गत CARE (Cooperative will be Able to Run Efficiently) कार्यक्रम पनि एक हो । सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्तीका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने यस कार्यक्रमको मुख्य उद्धेश्य सहकारी संस्थामा सुशासन कायम गराउनु हो । सहकारी संस्थाको समग्र पक्षको विकासमा प्रत्यक्ष टेवा पुऱ्याउने यस कार्यक्रमको संचालन प्रकृया निम्न अनुसार रहेको छ ।

### CARE कार्यक्रमका लागि संस्थागत योग्यता

- बैंकले संचालनमा ल्याएको आधारभूत स्तरीकरण कार्यक्रममा आवद्ध भई संस्थागत विवरणको आधारमा कम्तिमा NCBL Standard C (कूल प्राप्तांक न्यूनतम ६० वा सो भन्दा बढी )
- CARE कार्यक्रममा आवद्धताका लागि संस्थाको सञ्चालक समितिबाट निर्णय गरेको हुनुपर्ने । (कार्यक्रममा आवद्ध भई शर्त अनुसारको प्राविधिक सेवा लिनका लागि आवद्ध संस्थाले वार्षिक रु २५,०००। पच्चिस हजार रुपैंया मात्र (कर बाहेक) एकमुष्ट बैंकलाई भुक्तानी गर्नु पर्नेछ ।

### कार्यक्रममा बैंकको भूमिका:

- कार्यक्रममा आवद्ध संस्थाको स्तर मापन एवं स्तरोन्नतीका लागि आवश्यक सूचांकहरुको विकास गर्नुका साथै समय सापेक्ष सूचांकहरुलाई अद्यावधिक गर्ने ।
- कार्यक्रममा आवद्ध संस्थाको स्तरोन्तीका लागि आवश्यक सूझाव एवं मार्गदर्शन प्रदान गर्ने ।
- संस्थाको आन्तरीक सुशासन कायम गर्नका लागि आवश्यक नीति विधि एवं योजना निर्माणका लागि शुल्कमा आधारित प्राविधिक सहयोग उपलब्ध गराउने ।
- सहमति बमोजिम तोकिएको समयमा गएर स्थलगत एवं गैरस्थलगत अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।
- नेतृत्व र व्यवस्थापनका लागि आवश्यक तालिमको पहिचान गरी क्षमता अभिबृद्धिका लागि शुल्कमा आधारित तालिमको व्यवस्था गर्ने ।
- कार्यक्रममा आवद्ध संस्थाको स्तर मापन एवं स्तरोन्तीका लागि बैंकबाट एक आ.व.मा तीन पटक संस्थामा गएर स्थलगत अवलोकन गरी सुधारका लागि आवश्यक सुझाव प्रदान गर्ने ।
- CARE कार्यक्रममा आवद्ध संस्थाहरु बिच सिकाई एवं अनुभव आदान प्रदान गर्नका लागि आवश्यक व्यवस्था मिलाउने ।

### कार्यक्रममा आवद्ध संस्थाको भूमिका:

- कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि कार्यक्रममा आवद्ध संस्थाको संचालक समितिबाट संयोजक र व्यवस्थापक अनिवार्य गरी कम्तिमा ३ सदस्यिय कार्यदल गठन गर्नु पर्नेछ। उक्त कार्यदलले कार्यक्रम अवधिमा बैंकबाट सिकेका कुराहरु आवश्यकता अनुसार संचालक समिति र लेखा सुपरिवेक्षण समितिमा पुऱ्याई संस्थागत सुधारमा सहयोग गर्नेछ ।
- कार्यक्रममा बैंकबाट प्राप्त सुझावहरुलाई आधार मानी सुधारको स्पष्ट योजनाका साथ अगाडी बढ्नु पर्नेछ ।
- कार्यक्रममा बैंकले दिएको सुझावका आधारमा आवश्यक नीति, विधि एवं योजना निर्माण गरी अगाडी बढ्नु पर्नेछ ।
- कार्यक्रममा आवश्यक पहिचान भएका तालिमहरुको आयोजना वा सहभागिता जनाउनु पर्नेछ ।
- कार्यक्रममा संस्थाको स्तर मापन एवं स्तरोन्नतीका लागि प्राप्त सुझाव कार्यान्वयनका लागि संचालक समितिको बैठकमा आवश्यक छलफल गरी सुधारका योजना बनाएर अगाडी बढ्नु पर्नेछ ।

### हालसम्म CARE कार्यक्रम्मा आवद्ध रहेका सहकारी संस्थाहरुको नामावली

| सि.नं | सहकारीको नाम | ठेगाना | जिल्ला |
|---|---|---|---|
| १ | हेल्लो कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि | न्यूरोड २२ | काठमाडौं |
| २ | हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि | तिनकुने ३२ | काठमाडौं |
| ३ | चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि | काठमाडौं २२ | काठमाडौं |
| ४ | आर्दश सञ्चार सहकारी संस्था लि | बागलुङ २ | बागलुङ |
| ५ | जनज्योती कृषि सहकारी संस्था लि | राजविराज ९ | सप्तरी |
| ६ | हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि | कुपण्डोल १० | ललितपुर |
| ७ | आईडियल सहकारी संस्था लि | राजविराज ४ | सप्तरी |
| ८ | तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि | चन्द्रागिरी १४ | काठमाडौं |
| ९ | श्री किसान बहुउद्देश्यीय सहकारी संस्था लि | लम्कीचुहा १ | कैलाली |
| १० | मेगा कृषि सहकारी संस्था लि | भिमदत्त ४ | कंचनपुर |
| ११ | हाम्रो समाज शक्ति ग्रामिण विधुत सहकारी संस्था लि | लम्कीचुहा १ | कैलाली |
| १२ | श्री विकास कृषि सहकारी संस्था लि | जोशीपुर ३ | कैलाली |
| १३ | श्री लक्ष्मी सरस्वती बहुउद्देश्यीय सहकारी संस्था लि | जोरायल ४ | डोटी |
| १४ | नवजिवन बहुउद्देश्यीय सहकारी संस्था लि | धनगढी २ | कैलाली |
| १५ | उदयदेव बहुउद्देश्यीय सहकारी संस्था लि | भिमदत्त १८ | कंचनपुर |
| १६ | श्री हिमशिखर बहुउद्देश्यीय सहकारी संस्था लि | धनगढी ५ | कैलाली |
| १७ | नवज्योती कृषि सहकारी संस्था लि | धनगढी ७ | कैलाली |
| १८ | निङ्गलाशैनी बहुउद्देश्यीय सहकारी संस्था लि | भिमदत्त १८ | कंचनपुर |
| १९ | श्री सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लि | वीरेन्द्रनगर ६ | सुर्खेत |
| २० | वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि | वीरेन्द्रनगर ८ | सुर्खेत |
| २१ | जनमुखी कृषि तथा पशुपालन सहकारी संस्था लि | वीरेन्द्रनगर १० | सुर्खेत |
| २२ | बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि | वीरेन्द्रनगर ९ | सुर्खेत |
| २३ | उपकार बहुउद्देश्यीय सहकारी संस्था लि | वीरेन्द्रनगर १० | सुर्खेत |
| २४ | लगनशिल महिला लघु उधमी सहकारी संस्था लि | वीरेन्द्रनगर ६ | सुर्खेत |
| २५ | नमो स्तुति बहुउद्देश्यीय सहकारी संस्था लि | काठमाडौं २२ | काठमाडौं |
| २६ | अन्नपूर्ण बहुमुखी सहकारी संस्था लि | मध्यपुरठिमी ३ | भक्तपुर |
| २७ | पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि | थाहा ४ | मकवानपुर |
| २८ | मेची सहकारी संस्था लि | दमक ६ | झापा |
| २९ | मंगलदीप बहुउद्देश्यीय सहकारी संस्था लि | ललितपुर १२ | ललितपुर |
| ३० | छिन्चु महिला साना किसान कृषि सहकारी संस्था लि | भेरीगंगा १२ | सुर्खेत |
| ३१ | जलेश्वर बहुउद्देश्यीय सहकारी संस्था लि | वीरेन्द्रनगर | सुर्खेत |
| ३२ | साना किसान कृषि सहकारी संस्था लि | वीरेन्द्रनगर | सुर्खेत |
| ३३ | राष्ट्सेवक बहुमुखी सहकारी संस्था लि | इनरुवा | इटहरी |

पेज नं १ बाट क्रमश:

## सहकारी बैंकको आयोजनामा...

आउदैन, त्यसैले सहकारीले पूँजी निमार्ण गर्नुपर्छ र उत्पादनमा लगाउनुपर्छ, तब समाजबादको रेखा कोरिन्छ र सहकारीकर्मीले समाजबादको अभियान्ता भन्न पाउनुहुन्छ ।

मन्त्री अर्यालले आर्थिक समृद्धिलाई प्राथमिकताका राखेर सहकारीहरुले काम गर्नुपर्ने बताउनुभएको हो । सरकारले सबै सहकारीहरुलाई उत्पादनमूलक क्षेत्रमा लगाउने गरी आवश्यक कानुनको तर्जुमा गरिरहेको बताउँदै दिगो लक्ष्य हासिल गर्नका लागि बढी भन्दा बढी लगानी र व्यक्ति सहभागी भएर उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

अबको दिशा समृद्धि र विकासकै दिशा भएको बताउदै सहकारी संस्थाहरु एकीकृत उत्पादनमा लाग्नुपर्ने उहाँको जोड थियो । त्यस्तै राष्ट्रिय सहकारी बैंकले पनि त्यस्तो क्षेत्रमा लगानी गर्न सुझाब दिनुभयो । समृद्ध नेपाल सुखी नेपालीको अभियानलाई जनस्तरमा पुऱ्याउने माध्यम सहकारी भएकोले सहकारीमा सुशासन र संगठनात्मक अबस्था मजबुद हुनुपर्छ । अब सहकारीको गफ र भाषण गरेर मात्र नपुग्ने बताउँदै उहाँले भन्नुभयो गाउँ-गाउँको समृद्धिको अभियान विषयगत सहकारीबाट चलाइने छ, यसका लागि कृषि सहकारीलगायत विषयक सहकारी आवश्यक छ, प्रक्रियागत ढङ्गले सहकारीको सङ्ख्या घटाउने र बढाउने गरिन्छ ।

मन्त्री अर्यालले कृषि सहकारी मार्फत ठूला स्तरका कृषि फार्म तथा उद्योग सञ्चालन गर्ने वातावरण बनाइने बताउनुभएको हो । 'सरकार सहकारीमा कानूनी बाधक बनेको पनि छैन र बन्दैन पनि, हामी फरक ढङ्गले सहकारीमार्फत विकासका काममा काम गर्ने अभियानमा छौ', उहाँले भन्नुभयो । सहकारीकर्मीले पनि सहकारी कानूनमा रहेर सरकारको समृद्धिको यात्रामा साथ दिनुपर्ने उहाँको धारणा थियो ।

मन्त्री अर्यालले सरकार किसानमैत्री, सहकारीमैत्री भएर समृद्धिको अभियान चलाउने योजना बनाइरहेका बेला जमीनलाई फरक ढङ्गले सदुपयोग गर्दै अधिकतम उत्पादनमा लाग्न आग्रह गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशब बडालले समृद्ध समाज निर्माणको जग सहकारीलाई प्रवर्द्धन गर्नु राज्यको जिम्मेवारी रहेको बताउनुभएको हो । उहाँले ३ खम्बे अर्थनीति अनुसार नै सहकारी मार्फत जनतालाई समृद्ध बनाउने अभियानमा सहकारीका कमजोरी देखाएर अलमलाउने काम गर्न नहुनेमा जोड दिनुभयो ।

कार्यक्रममा प्रदेश नं. ३ प्रदेशसभा सदस्य पशुपति चौलागाईले सहकारीहरुले पूँजि संकलनको अभियानमा सफलता पाएको र अब सहकारीहरुको पूँजिलाई थप परिचालन गरी उत्पादन, प्रशोधन र बजारीकरणका लागि योजना बनाएर अगाडि बढाउन आग्रह गर्नुभयो।

कार्यक्रम राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के. बी. उप्रेतीको अध्यक्षता, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंको स्वागत र प्रवन्धक रामबाबु आचार्यको सञ्चालनमा सम्पन्न भएको थियो ।

देशभर क्रियाशिल सहकारी संघ संस्थाका अध्यक्ष तथा सञ्चालकहरु गरी ७ सय जनाको सहभागिता रहेको कार्यक्रममा बैंकका सहायक प्रबन्धक नबीन कुमार कार्कीले सहकारीमा भुक्तानी पुर्जा फर्छ्यौट, सहकारी विभागका रजिष्ट्रार डा.टोकराज पाण्डेले सहकारी सञ्चालकको दायित्व: सुशासनको दृष्टिकोण, नेपाल राष्ट्र बैंकका उप-निर्देशक हरि नेपालले सहकारीमा सम्पत्ती शुद्धिकरण, सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले सामाजिक सुरक्षा सम्बन्धमा, श्याम गिरीले सहकारीमा लघु उद्यम सहकारीमा व्यावसायिक अभ्यास अनुभव आदान प्रदान विषयमा सहजीकरण गर्नुभएको थियो ।

यस्तै सहकारीहरुले गरेका उत्कृष्ट कार्य सम्बन्धमा बिन्धबासिनी साकोस काभ्रेको तर्फवाट के.वी. लामा, महरानीझोडा सहकारी झापाको तर्फवाट मिना ढकाल तथा नेपाल बहुद्देश्यीय सहकारी झापाको तर्फवाट रामचन्द्र उप्रेतीले आ-आफ्नो सहकारी संस्थाले कसरी सदस्यहरुलाई सेवा प्रदान गर्दै गैरहेको सम्बन्धमा प्रस्तुतिकरण दिनुभएको थियो ।

## को-अपरेटिभ लीडर्स नेशनल फोरम प्रतिवद्धता

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा मिति २०७६ पुष २ गते आयोजित को-अपरेटिभ लीडर्स नेशनल फोरम २०७६ मा देशभरका विभिन्न सहकारी संघ/संस्थाहरुवाट उपस्थित सहकारीकर्मीहरुको सहभागितामा आवश्यक छलफल गरी हामी सहकारीकर्मीहरु सहकारीका लागी आवश्यक निम्न विषयहरुमा प्रतिवद्धता जाहेर गर्दै हामी सहकारी मार्फत देश र जनताको आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासमा क्रियाशील हुने प्रतिबद्धता व्यक्त गर्दछौ ।

**प्रतिबद्धताहरु**

- सहकारी ऐन २०७४ को दफा १४० तथा सहकारी नियमावली २०७५ को नियम ८० को उप-नियम ४ र ५ मा भएको व्यवस्था अनुसार सहकारी संघ/संस्थामा आबद्ध सदस्यहरुलाई सहकारीमा रहेको खातामा भएको रकम देशको कुनै पनि सहकारी संघ/संस्थावाट भुक्तानी लिन सक्ने व्यवस्था मिलाउन हामी सम्पूर्ण सहकारीकर्मी प्रतिवद्ध छौ ।
- देशका सबै प्रकृति सहकारी संघ/संस्थाहरुले सहकारी मार्फत गरेका विकास, अनुभव तथा उदहरणहरुका सम्बन्धमा विभिन्न समयमा हुने तालीम/अन्तरक्रिया/गोष्ठी/अभिमुखीकरणमा अनुभव आदानप्रदान गर्दै सहकारी क्षेत्रको सबलीकरण गर्न/गराउन प्रतिवद्ध छौ ।
- सहकारीका संचालक समिति तथा लेखा सुपरिबेक्षण समितिका सम्पूर्ण पदाधिकारीहरु संस्थाका सदस्यहरु प्रति उत्तरदायी भई सहकारीमा सुशासन कायम गर्न प्रतिवद्ध छौ ।
- सहकारी संघ/संस्थाको कारोवारलाई स्वच्छ बनाई सहकारी क्षेत्रमा कुनै पनि खालका विकृती आउन नदीन सहकारीमा सम्पत्ति शुद्दिकरण कार्यक्रम पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने छौ ।
- सहकारी मार्फत सदस्यहरुलाई आवश्यक सिप सिकाई उधमशिलता मार्फत आयआर्जन बढाउने कार्य गर्नर गराउन प्रतिवद्ध छौ ।
- सहकारीका सदस्यहरुको सेवा तथा उत्पादनलाई बृद्धि एबं बजारीकरण गरी सहकारी संघरसंस्था तथा सदस्यहरुको क्षमता बढाउन प्रतिवद्ध छौ ।
- वित्तीय बजारमा नवीनतम प्रविधिहरुको उच्चतम प्रयोग मार्फत सहकारी संघ/संस्थाहरुलाई प्रविधिमैत्री बनाउन प्रतिवद्ध छौ ।
- नेपाल सरकारले सञ्चालनमा ल्याएको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा सहकारी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई आबद्ध गराउन प्रयासरत छौ ।
- देशको संघीय, प्रदेश र स्थानीय स्तरमा बनेका सहकारी संग सम्बधित कानूनी तथा नीतिगत व्यवस्थाहरुलाई सहकारी मैत्री बनाउन हरदम पहल गर्नुका साथै निर्दिष्ट ऐन कानून कार्यान्वयन गर्न/गराउन प्रतिवद्ध छौ ।
- सहकारी संघ/संस्थाहरुमा युवा तथा महिलाहरुको सहभागिता बढाई समावेशी बाताबरण तयार गर्दै सहकारीको उत्कृष्ट छवि निर्माण गर्न प्रतिवद्ध छौ ।
- सबै सहकारी संघ/संस्थाहरुलाई दीगो बनाउदै सहकारीको प्रवर्द्धन र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछौ ।

*पेज नं १ बाट क्रमश:*

## सहकारी बैंकको १६औं...

वृद्धि विर्सने र उत्पादन वृद्धिको काम गर्दा सामाजिक न्याय बिर्सने काम गर्नु हुदैन, बडालको भनाइ थियो ।

प्रतिनिधिसभा सदस्य तथा नेपाली कांग्रेसका प्रमुख सचेतक बालकृष्ण खाँडले सहकारीले वित्तीय कारोबार मात्रै होइन लोकतन्त्रको अभ्यासमा समेत उत्कृष्ट काम गरेको बताउनुभएको हो । अब हुने निर्वाचनहरुमा सहकारी क्षेत्र बुझ्केको, सहकारीमा काम गरेको मानिसलाई मात्र उम्मेदवार बनाउने गरी छलफल गरेको र त्यसो गर्न सकेमा लोकतन्त्रलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ, खाँडकोको भनाइ थियो ।

बैंकको साधारणसभामा प्रतिनिधिसभाका सदस्य घनश्याम खतिवडा, प्रदेशसभा सदस्यहरु राजेन्द्र पाण्डे र पशुपति चौलागाई, राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष दक्ष पौडेल, सहकारी विभागका रजिष्ट्रार डा.टोकराज पाण्डे, राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष मिनराज कंडेल, महासंघका उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोवल बोर्ड मेम्बर ओमदेवी मल्ल, महासंघका लेखा समितिका संयोजक धर्मदत्त देवकोटा, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल कुमार उपाध्याय लगायतले शुभकामना मन्तव्य दिनु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि खतिवडाले सहकारी बैंकले कृषि विकास बैंकसंगको सहकार्यमा सञ्चालन गर्न लागेको एटिएम सेवाको शुभारम्भ गर्नु भएको थियो । कार्यक्रम सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीको अध्यक्षता, सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीको सञ्चालन र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंको स्वागतमा सम्पन्न भएको थियो ।




साधारणसभाले बैंकका अध्यक्ष के. बी. उप्रेतीले प्रस्तुत गरेको सञ्चालक समितिको प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिका संयोजक लक्ष्मीप्रसाद उप्रेतीले प्रस्तुत गरेको लेखा समितिको प्रतिवेदन, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले प्रस्तुत गरेको बजेट तथा कार्यक्रम पारित गरेको छ। यस्तै साधारणसभाको बन्द सत्रले बैंकको विनियम संशोधन गर्ने प्रस्ताव, विभिन्न १५ वटा कार्यविधिहरु परिमार्जन गर्नुका साथै सदस्य संस्थाहरुलाई १५ प्रतिशत शेयर लाभांश प्रदान गर्ने निर्णय गरेको छ ।

बन्दसत्रमा विनियम संशोधनको प्रस्ताव सञ्चालक रामहरि बजगाईले र कार्यक्रमको सञ्चालन सञ्चालक ज्ञानबहादुर तामाङले गर्नुभएको थियो । ७७ वटै जिल्लामा सञ्जाल भएको सहकारी बैंकमा हाल ११ हजार ४सय सहकारी संस्था सदस्य रहेका छन् । बैंकले चालु आर्थिक वर्षको अन्त्यसम्म १ हजार ५ सय शेयर सदस्य, २ अर्ब शेयर पूँजि, ३५ अर्ब १३ करोड निक्षेप, २८ अर्ब कर्जा लगानी गर्ने योजनाका साथ काम गरीरहेको बैंकका अध्यक्ष के.बी. उप्रेतीले जानकारी दिनुभयो ।

# बैंकद्वारा बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान

काठमाडौं । राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा नव-नियुक्त हुनु भएका मन्त्री परिषद्का सदस्यहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गरिएको छ । बैंक अध्यक्ष के.वी. उप्रेती सहित सञ्चालकहरु र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई लगायत बैंक उच्च व्यवस्थापनका कर्मचारीहरुको टोली मंसिर ६ गते सिंहदरबारमा पुगेर नव-नियुक्त माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री पार्वत गुरुङ र माननीय स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री नवराज राउतलाई बधाई तथा शुभकामना ज्ञापन गर्नुभएको थियो ।

सो अवसरमा बैंकका अध्यक्ष के.वी उप्रेतीले बैंकको पछिल्लो वित्तीय अवस्था बारेमा तथा बैंकले सहकारी अभियानमा निभाएको शिर्षस्थ भूमिका साथै बैंकका बारेमा जानकारी गराउदै सहकारीवाट राष्ट्रले समृद्धि हासिल गर्न सकिने सम्बन्धमा नव-नियुक्त हुनु भएका मन्त्रीपरिषदका सदस्यहरुलाई जानकारी गराउनु भएको थियो ।

सो अबसरमा नव-नियुक्त मन्त्रीपरिषदका सदस्यहरुद्वारा बैंकले देशको सहकारी अभियानमा निभाएको शिर्षस्थ भूमिकाको प्रसंशा गर्दै सहकारीको वित्तीय क्षेत्र,आर्थिक सामाजिक क्षेत्रका साथै सहकारी अभियानलाई अगाडि बढाउन नेपाल सरकार एबं आफुहरुले पदभार ग्रहण गरेको मन्त्रालयको तर्फवाट हुने गतिविधिहरुमा बैंकलाई सहभागी गराउने आश्वासन व्यक्त गर्नुभएको थियो ।

मंसिर ४ गते प्रधानमन्त्री के.पी. शर्मा ओलीले मन्त्रिपरिषद् पुनर्गठन: गरी माननीय सांसदहरू बसन्त नेम्वाङ, घनश्याम भुसाल, हृदयेश त्रिपाठी, पार्वत गुरुङ, लेखराज भट्ट र रामेश्वर राय यादवलाई क्रमश: भौतिक पुर्बधार तथा यातायात, कृषि तथा पशुपन्छी विकास, संघीय मामिला तथा सामान्य प्रशासन, महिला बालबालिका तथा जेष्ठ नागरिक, उधोग बाणिज्य तथा आपूर्ति र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी प्रदान गर्नुभएको थियो भने माननीय सांसदहरू मोती दुगड, नवराज राउत र रामवीर मानन्धरलाई क्रमश: उद्योग बाणिज्य तथा आपूर्ति, स्वास्थ्य तथा जनसंख्या र सहरी विकास राज्यमन्त्रीको रुपमा जिम्मेवारी प्रदान गर्नुभएको थियो ।

## सदस्य परिचय

# मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लि.




**१. संस्थाको नाम :**

**स्थापना गर्दा : मिलिजुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड, संस्थाको २६ औं बार्षिक साधारणसभाले पारीत गरेको संस्थाको नाम : मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लि.** (११ वटा सहकारी संस्थाहरु एकीकरण पछि)

**२. संस्थाको ठेगाना :**

बाग्मती प्रदेश, दोलखा जिल्ला, भीमेश्वर नगरपालिका वडा नं. ६ चरिकोट ।

**३. संस्थाको पृष्ठभूमि :**

राजधानी काठमाण्डौ वाट १३२ कि.मि. पूर्व, प्रदेश नम्बर २ को राजधानी जनकपुर भन्दा १४१ कि.मी. उत्तरमा अवस्थित भीमेश्वर नगरपालिका अन्तर्गतको चरिकोट बजारमा संस्थाको केन्द्रीय कार्यालय रहेको छ । दोलखाको सहकारी अभियानमा र शेयर सदस्यहरुको आर्थिक, सामाजिक र सास्कृतिक पक्षमा मुख्य भुमिका खेलेको यस मिलिजुली बचत तथा ऋण सहकारी संस्था लि. दोलखा जिल्लाको तत्कालीन चरिकोट आदर्श गाउँ बिकास समितिलाई आधारथलो बनाई २०५० साल भाद्र ७ गते स्थापना भएको हो । स्थापना भाद्र महिनामा भएपनि जिल्ला स्तरमा दर्ता प्रक्रिया अगाडि बढाउनको लागि डिभिजन सहकारी कार्यालयको अभावका कारण २०५० साल मंसिर २ गते जिल्ला सहकारी कार्यालय धुलिखेलमा ८३ नम्वरमा दर्ता भई आफ्ना शेयर सदस्यहरुलाई अनवरतरुपमा सेवा प्रवाह गर्दै आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आई रहेको छ । सुरुमा दोलखा जिल्लाको सदरमुकाम भएको चरिकोट आदर्श गाउँ बिकास समितिलाई मात्र कार्य क्षेत्र बनाए पनि पछि २०५४ सालमा दोलखा, माटि, मकैवारी र चरिकोट आदर्श गा.बि.स. मिलि भीमेश्वर नगरपालिकाको स्थापना भएपछि यस संस्थाको कार्यक्षेत्र भीमेश्वर नगरपालिकाको १३ वटा वडाहरुमा बिस्तार गरिएको थियो । कार्यक्षेत्र बिस्तारको क्रममा २०७० सालमा भीमेश्वर नगरपालिकाको वरीपरी रहेका तत्कालिन ९ वटा गाउँ बिकास समितिहरु संस्थाको कार्यक्षेत्र भित्र पार्ने कार्य गरेको थियो । एकीकरणको माध्यमबाट यसै आर्थिक बर्षमा संस्थाको कार्यक्षेत्र जिल्ला भरी हुदै छ ।

**४. संस्था स्थापनाको उद्देश्य :**

समाजमा व्याप्त गरिवी, अशिक्षा र कुलतबाट समुदायलाई मुक्त गरी बचत गर्ने बानीको बिकास गराउने तथा त्यसरी संकलीत बचतलाई सदस्यहरु भित्रै परिचालित गरी बिभिन्न किसिमका सामाजिक उद्यमहरुको प्रवर्द्धन गर्नुका साथै महङ्गो ब्याजबाट सदस्यहरुलाई मुक्ति दिलाउदै बिभिन्न बित्तिय सेवा प्रदान गर्नु यस संस्था स्थापनाको उदेश्य रहेको थियो ।

**५. सदस्य संख्या :**

२०७६ पौष मसान्तसम्म संस्थाको शेयर सदस्य तथा बालबचतकर्ताहरुको अवस्था तपसिलमा उल्लेख गरीए बमोजिम छ ।

| शेयर सदस्य | | |
|---|---|---|
| महिला | पुरुष | जम्मा |
| ११३५८ | ९९८४ | २१३४२ |
| बाल बचतकर्ता | | |
| महिला | पुरुष | जम्मा |
| ३८६१ | ४३३३ | ८१९४ |

**६. कार्यक्षेत्र :**

**पुरानो कार्यक्षेत्र :** भीमेश्वर नगरपालीकाको वडा नं. १ देखी ८ सम्म, शैलुङ्ग गाउँपालीका वडा नं. ३ देखी ७ सम्म, बैतेश्वर गाउँपालीका वडा नं. ६ देखी ८ सम्म, कालिन्चोक गाउँपालीका वडा नम्बर ७ देखी ९ सम्म

**एकीकरण र संस्थाको २६ औं बार्षिक साधारणसभा पछि :** दोलखा जिल्ला भित्र ।

**७. बर्तमान अवस्था :**

**क) भौगोलीक अवस्था**

संस्थाको केन्द्रीय कार्यालय रहेको भीमेश्वर नगरपालिकाको वडा नं. ६ मा अवस्थित चरिकोट बजार राजधानी शहर काडमाण्डौबाट पूर्व तर्फ १३२ कि.मि. को दुरीमा रहेको छ भने काठमाण्डौबाट आँउदा सिन्धुपाल्चोक जिल्ला सकिएपछि दोलखा जिल्ला सुरु भएसँगै संस्थाको कार्यक्षेत्र सुरु हुन्छ । संस्थाको सम्पुर्ण क्षेत्र पहाडी क्षेत्र हो । संस्थाको कार्यक्षेत्र रहेको नगरपालिकाको शहरी क्षेत्रमा पक्की तथा कच्ची सडकको पहुच छ भने नगरपालिकाको पिछडिएको क्षेत्र तथा गाउँपालिकाको विभिन्न वडाहरुमा धुले सडकको सुविधा छ । यो क्षेत्र राज्यको केन्द्रीय राजधानी शहर काठमाण्डौबाट नजिक पर्दछ । संस्थाको कार्यक्षेत्र भित्र कालिन्चोक भगवती, दोलखा भिमसेन, गाईखुरा महादेव, बिगु गुम्बा धार्मिक हिसाबमा प्रख्यात छन् । यसैगरी जीरि, शैलुङ्ग दोलखा जिल्लाको अति महत्वपुर्ण पर्यटकिय स्थल हुन् ।

**ख) जनसंख्या**

संस्थाको कार्यक्षेत्र भित्र ४५६८८ घरधुरी रहेको छ भने जम्मा जनसंख्या १८६५५७ जना रहेका छन् ।

**ग) भाषा :**

यहाँ जात जातीको दृष्टिकोणबाट हेर्दा ब्राम्हण, क्षेत्री, नेवार तमाङ्ग, थामी, शेर्पा, दमाई, कामी, सार्की, सुरेल, जिरेल आदि रहेका छन् । कार्यक्षेत्रलाई सरसर्ती अध्ययन गर्दा बोलीचालीको भाषाको रुपमा नेपाली, नेवारी, तामाङ्ग, थामी, र शेर्पा भाषानै प्रमुख भाषा छन् ।

**घ) धर्म :**

कार्यक्षेत्र भित्र बसोवास गर्ने जनसंख्यालाई हेर्दा विभिन्न धर्म मान्ने व्यक्तिहरु भेटिन्छ । यहाँका वासिन्दाहरुले विशेष गरी हिन्दु, बौद्ध, क्रिश्चियन र मुस्लिम धर्म मान्ने गरेका छन् । कार्यक्षेत्र भित्र वसोवास गर्ने व्यक्तिहरु मध्ये ओम शान्ति, कृष्णप्रणामीहरु पनि हुनुहुन्छ ।

**ङ) कार्यक्षेत्र भित्रका व्यक्तिहरुको पेशा**

यस क्षेत्रका अधिकांश मानिसको प्रमुख पेशाको रुपमा कृषि रहेको छ । यसको अतिरिक्त यहाँका वासिन्दाहरु पर्यटन व्यवसाय, व्यापार, होटल, शिक्षक, सरकारी सेवा, सहकारी सेवा, बैदेशिक रोजगार, साना उद्योग, विभिन्न परामर्श सेवा तथा निर्माण व्यवसायमा समेत संलग्न रहेका छन् । यस क्षेत्रमा स्थानीय वासिन्दाहरुको अतिरिक्त अन्य जिल्ला तथा जिल्लाका अन्ये भागबाट आएर अस्थायि बसोवास गर्नेहरुको संख्या पनि उल्लेख्य रहेको छ ।

**च) संस्थाको बर्तमान वित्तीय अवस्था**

संस्था नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) द्वारा सञ्चालित एक्सेस कार्यक्रममा सहभागि भई सिल्भर ब्राण्ड प्राप्त संस्था हो । संस्थाले उक्त कार्यक्रम अन्तर्गत पर्ल्स अनुगमन प्रणाली अन्तर्गतका ४६ सुचकांकहरु मध्ये धेरै सुचकांकहरु क्रमस पुरा गरेको हुनाले स्वस्थ्य बित्तीय अवस्था छ । संस्थाको भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा तल छ । संस्थागत पुँजी ८ प्रतिशत भन्दा माथि छ । आ.ब. २०७६/०७७ पौष मसान्त सम्मको वासलात यस प्रकार रहेको छ ।

| दायित्व | रकम रु | सम्पत्ती | रकम रु |
|---|---|---|---|
| शेयर पूँजी | ९३६९९९०० | नगद तथा बैंक मौज्दात | ८४३८८०५१ |
| अन्य कोष | ३६७२२९४० | जम्मा ऋण लगानि | ९६८४७७२७३ |
| जगेडा कोष | ८६६८१०३४ | लगानी | ९६५७५७६ |
| बाह्य ऋण | ९६३२०५६६ | स्थिर सम्पत्ती | २८०४३२९८ |
| बचत | ७७९३८३०११ | अन्य सम्पत्ती | ३६८७३२९८ |
| अन्य दायित्व | ३४६३२०४५ | | |
| **जम्मा** | **११२७४३९४९६** | **जम्मा** | **११२७४३९४९६** |

# बैंकद्वारा बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान

**समग्र सहकारीको प्रवर्द्धनका लागि साझा धारणा बनाएर अगाडि बढ्छौ : अध्यक्ष कंडेल**



काठमाडौं । राष्ट्रिय सहकारी महासंघ नेपालका नवनिर्वाचित अध्यक्ष मिनराज कंडेलले नेपालको समग्र सहकारी अभियान थप सफलताका लागि साझा धारणा बनाएर सहकारीमार्फत उत्पादन वृद्धि र रोजगारी प्रवर्द्धनका काम गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको छ ।

राष्ट्रिय सहकारी बैंकले राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) र जिल्ला सहकारी संघ काठमाडौंका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई बधाई तथा शुभकामना दिन पुस २७ गते आइतवार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा अध्यक्ष कंडेलले यस्तो बताउनुभएको हो ।

देशभरका सहकारीहरुको छाता संगठनका रुपमा महासंघले सहकारीहरुका साझा समस्याको पहिचान, समाधान र उनीहरुको कामको प्रभावकारिताका विषयमा ध्यान दिएर अगाडि बढ्ने धारणा राख्नुभयो । उहाँले सहकारीका सबै तहहरुसंग समन्वय गरी आगामी दिनमा अगाडि बढ्ने र त्यसको संयोजन महासंघले गर्ने उहाँले बताउनुभएको हो ।

सहकारी ऐनसंग बाझिएका अन्य ऐनहरुका कारण सहकारीले उत्पादन लगायत रोजगारी सिर्जनामा सहजताका साथ काम गर्न नपाएको भन्दै उहाँले छिटो भन्दा छिटो ऐन संशोधनका लागि पहल गर्ने बताउनुभएको हो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष तथा आइसीए ग्लोवल बोर्ड सदस्य ओमदेवी मल्ल, लेखा समितिका संयोजक धर्मदत्त देवकोटा, उपाध्यक्ष तथा बैंकका निवर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेल, नेफ्स्कुनका अध्यक्ष परितोष पौड्याल, जिल्ला सहकारी संघ काठमाडौंका अध्यक्ष ज्ञानबहादुर तामाङ लगायतले सहकारी संघ संस्थाहरुको प्रभावकारिताका लागि सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारीका छाता संगठनहरुले गर्ने कार्यक्रम तथा कारोबारमा दोहोरोपनाका कारण भएका समस्या समाधान गर्न सबैंका बीचमा सहकार्य आवश्यक रहेको बताउनुभएको थियो । सहकारीमार्फत समृद्ध समाज निर्माणका लागि छाता संगठनहरुमा रहेको श्रोतलाई थप प्रभावकारी बनाउन तथा प्रविधि र नीति निर्माणमा साझेदारी गरेर अगाडि बढ्नका लागि सबैसंग आव्हान गर्नु भयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले बैंकको संक्षिप्त परिचय र सहकारीको भावी कार्यदिशा विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

कार्यक्रमका सहभागीहरुले सहकारीमा देखिएका समस्याहरुको पहिचान, योजना र समस्या समाधान गर्ने प्रतिवद्धताका साथ अगाडि बढ्नु पर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रम बैंकका अध्यक्ष के.बी.उप्रेतीको अध्यक्षता, लेखा सुपरीवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेतीको स्वागत र बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीको सञ्चालनमा सम्पन्न भएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकले राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) र जिल्ला सहकारी संघ काठमाडौंका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई खादा ओढाएर बधाई तथा कार्यकाल सफलताको शुभकामना प्रदान गरिएको थियो । महासंघको पुस २४ र २५ गते सम्पन्न २७ औं वार्षिक साधारणसभाले मीनराज कंडेलको अध्यक्षतामा २२ सदस्यीय सञ्चालक समिति र धर्मदत्त देवकोटाको संयोजकत्वमा ३ सदस्यीय लेखा समिति निर्वाचित गरेको थियो । महासंघको वरिष्ठ उपाध्यक्षमा ओमदेवी मल्ल, उपाध्यक्षमा रमेश पोखरेल तथा सञ्चालकहरुमा प्रदेश नं. १ बाट गणेश ढकाल, २ बाट रामबाबु यादव, ३ बाट डि.बी. बस्नेत, गण्डकी प्रदेशबाट हुमा कुमारी जि.सी. (अञ्जु), ५ बाट रामकृष्ण खाँड, कर्णाली प्रदेशबाट टिका बुढाथोकी र सुदुरपश्चिम प्रदेशबाट तारा लामा तामाङ निर्वाचित हुनु भएको छ । यस्तै केन्द्रीय संघ/बैंकका तर्फबाट के.बी.उप्रेती, नारायण देवकोटा र सागर ढकाल, खुल्ला महिलाबाट अमृता सुब्बा र पद्मा गुरुङ, खुल्लातर्फबाट खेमबहादुर पाठक, टेकप्रसाद चौलागाई, राजेन्द्र पौडेल, लक्ष्मण यादव, शिव डांगी र लक्ष्मीप्रसाद शर्मा निर्वाचित हुनु भएको छ । यस्तै लेखा समितिका सदस्यहरुमा सोमबहादुर श्रेष्ठ र बालकुमारी श्रेष्ठ (बिमला) निर्वाचित हुनुभएको छ ।

# प्राइम बहुउद्देश्यीय सहकारी संस्थालाई सम्मान

कास्की
राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्य सहकारी संस्था प्राइम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड पोखरा कास्कीलाई बैंकको शाखा कार्यालय पोखरामा बैंकको थप शेयर खरीद गरेकोमा मंसिर १८ गते सम्मान गरिएको छ । संस्थाको बैंकमा दुई करोड पचास लाख शेयर रकम रहेकोमा पुनः थप पचास लाख खरीद गरी तिन करोड पुऱ्याएको हो । जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष तथा बैंकको पोखरा शाखा कार्यालयका सल्लाहकार रविरमण तिवारी सहित बैंकको पोखरा शाखा कार्यालयका प्रमुख सन्तोष घिमिरेले प्राइम बहुउद्देश्यीय सहकारीका अध्यक्ष निदेश कोइराला र व्यवस्थापक नीरू थापालाई शेयर प्रमाण-पत्र प्रदान गर्दै सम्मानित गर्नुभएको थियो ।



# झापामा सहकारीमा कर विषयक अन्तरक्रिया



विर्तामोड । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बिर्तामोड, झापा जिल्ला सहकारी संघ तथा आन्तरिक राजश्व कार्यालय भद्रपूरको संयुक्त आयोजनामा "सहकारीमा कर विषयक एक दिने अन्तरक्रिया" कार्यक्रम आदर्श ब्याङ्क्वेट बिर्तामोडमा मंसिर ४ गते सम्पन्न भएको छ, कार्यक्रममा ५७ वटा सहकारी संस्थावाट जम्मा ७३ जनाको सहभागिता रहेको थियो, सो अवसरमा कार्यक्रमको स्वागत मन्तव्य दिदै झापा जिल्ला सहकारी संघका सहसचिव भवानी प्रसाद दंगालले कर आफैमा गहिरो विषय वस्तु भएकोले सबैले बुझ्नु जरुरी रहेको बताउनुभएको थियो, कार्यक्रमको प्रमुख अतिथिको रुपमा कार्यक्रम उद्घाटन गर्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक महेन्द्र गिरीले सहकारी सस्थाहरुमा रहेको करको अन्योलतालाई हटाउन अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको कुरा बताउनु भएको थियो । कार्यक्रमको अध्यक्षता झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालले गर्नु भएको थियो, सो कार्यक्रममा बालकृष्ण दंगालले प्रशिक्षण दिनु भएको थियो भने कार्यक्रममा सोधिएका जिज्ञासाहरुका बारेमा कर अधिकृत प्रकाश राइले प्रष्ट पार्नु भएको थियो । सहकारी संस्थाहरुमा लाग्ने कर कर गणना विधी तथा ETDS का बारेमा जानकारी दिने उद्देश्यले आयोजना गरिएको सो अन्तरक्रिया कार्यक्रमको सञ्चालन झापा जिल्ला सहकारी संघका सचिव युवराज ढकालले गर्नुभएको थियो ।

# पञ्चशील बहुउद्देश्यीय सहकारी संस्थालाई सम्मान

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्य सहकारी संस्था पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड कुमारीपाटी ललितपुरलाई मंसिर १ गते बैंकको केन्द्रिय कार्यालयमा बैंकको थप शेयर खरीद गरेकोमा सम्मान गरिएको छ ।

संस्थाको यस अगाडी बैंकको ६० लाख शेयर रकम रहेकोमा पुन थप ४१ लाख खरीद गरी एक करोड एक लाख पुऱ्याएको हो, सो अबसरमा बोल्दै पञ्चशील बहुउद्देश्यीय सहकारीका अध्यक्ष राजु खतिवडाले सहकारी बैंक सहकारी संस्थाहरुको आफ्नै बैंक भएकोले संस्थाले बैंकको थप शेयर खरिद गरेको जानकारी दिनुभयो । बैंकका अध्यक्ष के.वी. उप्रेती,



सञ्चालक रामहरी बजगाईं र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं सहित बैंकका विभागीय प्रमुखहरुको उपस्थितिमा संस्थालाई सम्मान गरिएको थियो ।

कुमारीपाटी ललितपुर स्थित संस्थाले बैंकको लगनखेल शाखा कार्यालय मार्फत बैंकसंग नियमित कारोवार गरिरहेको छ, यो संगै हाल ललितपुर जिल्लावाट बैंकको सबै भन्दा ठुलो शेयर लिने सदस्य संस्था पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बनेको छ ।

# ठिमीमा सम्पत्ति शुद्धीकरण निवारण विषयक तालिम



भक्तपुर, राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय ठिमीको आयोजनामा मंसिर २ र ९ गते सम्पत्ती शुद्धीकरण निवारण विषयक २ दिन तालिम सम्पन्न भएको छ । ठिमी क्षेत्रका सहकारी संघ/संस्थाका २१/२१ गरी जम्मा ४२ जना प्रतिनिधिहरुको तालिममा उपस्थिति रहेको थियो । बैंक तथा वित्तीय संस्थामा जस्तै सहकारी क्षेत्रमा समेत सम्पत्ति शुद्धीकरण निवारण विषय सहकारी विभागले निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

तालिम आयोजना बारे जानकारी दिदै बैंकका सञ्चालक सरिता भट्टराईले सहकारीमा बर्तमान समयमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी बढी जिज्ञासा रहेकोले बैंकद्वारा यस तालिमको आयोजना गरिएको बताउनु भयो । बैंकको ठीमी शाखा कार्यालयका प्रमुख दिनेश गेलालको सञ्चालनमा सम्पन्न तालिमलाई प्रशिक्षक नारायण प्रसाद ज्ञवालीले सहजीकरण गर्नुभएको थियो ।

# ललितपुरमा नीति तथा कार्यविधि निर्माण तालिम




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड लगनखेल शाखा कार्यालयको आयोजनामा संचालित २ दिने नीति तथा कार्यविधि निर्माण तालिम मंसिर ६ गते सम्पन्न भयो । बैंकका अध्यक्ष के.वी. उप्रेतीको प्रमुख आतिथ्यता, सञ्चालकहरु सरिता भट्टराई, ज्ञान वहादुर तामांग र सञ्चालक पार्वती थापा र बैंकको तालिम विभाग प्रमुख रामवावु आचार्यको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

तालिममा सहभागीहरूले तालिमको विषय संस्था सञ्चालनको लागी अति आवश्यक रहेको र तालिमवाट सिकेका कुराहरूलाई छिटै नै कार्यन्वयनमा ल्याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

बैंकका अध्यक्ष के.वी. उप्रेतीले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै बैंकको समग्र अवस्था र आगामी योजनाका बारेमा जानकारी गराउनु भएको थियो। बैंकका सञ्चालक सरिता भट्टराईले तालिमवाट सिकेका सम्पूर्ण कुराहरूलाई आफ्नो संस्थामा लागु गर्न आग्रह गर्दै भविष्यमा समेत बैंकले सहकारी संस्थाको माग अनुसारका थप तालिम संचालन गर्ने जानकारी गराउनु भएको थियो

ललितपुर क्षेत्रवाट विभिन्न सहकारी संघ/संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सञ्चालक, व्यबस्थापक तथा कर्मचारीहरु गरी जम्मा ४१ जना प्रतिनिधिहरुको सहभागिता रहेको तालिममा कृष्णप्रसाद आचार्यले प्रशिक्षण गर्नु भएको थियो ।

तालिम समापन कार्यक्रम बैंकको लगनखेल शाखा प्रमुख रमा घिमिरेको संचालनमा सम्पन्न भएको थियो ।

# सिन्धुलीमा नीति तथा कार्यबिधि निर्माण कार्यशाला




सिन्धुली, राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोग र हेफर ईन्टरनेशनल नेपालको वित्तीय सहयोगमा गोलञ्जर गाउपालिका ४, शितलपोखरीमा तिनकन्या सामाजिक उद्यमी महिला सहकारी संस्थाको नीति तथा कार्यविधि निर्माण सम्बन्धि कार्यशाला मंसिर ४ गते सम्पन्न भएको छ। मंसिर २ गते देखि ४ गते सम्म चलेको ३ दिने कार्यशालाको सहजिकरण सुर्यप्रसाद रिमालले गर्नुभएको थियो । कार्यक्रमबाट सो सहकारीको लागि विभिन्न १० वटा नीतिहरू निर्माण गरिएको थियो ।

# धनुषामा नीति तथा कार्यबिधि निर्माण कार्यशाला

धनुषा । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तीय सहयोग र सक्षम सामाजिक उद्यमी महिला कृषी सहकारी संस्था हँसपुर धनुषाको आयोजनामा हँसपुर नगरपालिका बडा नं. ७, नुवाखोरमा नीति तथा कार्यबिधि निर्माण सम्बन्धि ३ दिने कार्यशाला मंसिर १० गते सम्पन्न भएको छ । कार्यशालामा उक्त सहकारीका सञ्चालक समिति, लेखा समिति, ऋण उप-समिति, शिक्षा उप-समिति, समुह सञ्जालका प्रतिनिधि, कर्मचारी तथा सक्रिय सदस्यहरु सहित ३० जनाको सहभागीता रहेको थियो । तालिममा सहकारीका लागी आवश्यक सदस्यता सम्बन्धी नीति, सञ्चालक सम्बन्धी नीति, साधारण सभा तथा निर्वाचन नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन तथा लेखा नीति, सम्पत्ति शुद्धिकरण निवारण नीति, बस्तु बिकास तथा बजार व्यवस्थापन नीति निर्माणका साथै




बित्तीय परामर्श तथा बिनियम संसोधनका लागी सहजीकरण गरिएको थियो । सो कार्यशालाको सहजीकरण राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

# सुर्खेतमा ऋण तथा जोखिम ब्यबस्थापन तालिम



सुर्खेत । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्खेत शाखाको आयोजनामा संचालित ३ दिने ऋण तथा जोखिम व्यवस्थापन तालिम मसिर ११ गते सम्पन्न भएको छ । तालिम राष्ट्रिय सहकारी बैंकका सञ्चालक हरिहरनाथ योगीको प्रमुख आतिथ्यता, प्रशिक्षक नारायण बेल्वासे, इन्जिनियर महेश शर्मा र शाखा प्रमुख सागरनाथ योगीको आतिथ्यतमा सम्पन्न भएको थियो । तालिम समापनमा सहभागीको तर्फवाट बोल्दै जनहितकारी सहकारी सुर्खेतका प्रतिनिधि प्रेम आचार्य र चन्दनाथ बहुउद्देश्यीय सहकारी जुम्लाकी अध्यक्ष दुर्गा न्यौपानेले तालिम निकै प्रभावकारी र राम्रो रहेको बताउदै यस्तो तालिममा बैंकले सहभागि हुने अवसर प्रदान गरेकोमा धन्यवाद ब्यक्त गर्नुभएको थियो । तालिममा जुम्ला, कालिकोट, दैलेख र सुर्खेतका बिभिन्न २५ सहकारीका ३२ जना प्रशिक्षार्थिहरुको सहभागिता रहेको थियो, तालिमको समापन समारोह सुर्खेत शाखाका कर्मचारी अजय रोकायको संचालनमा सम्पन्न भएको थियो ।

# काभ्रेमा पर्ल्स अनुगमन तालिम तथा सदस्य सम्मान कार्यक्रम

काभ्रे । राष्ट्रिय सहकारी बैंक लिमिटेड बनेपा शाखा कार्यालयको आयोजनामा संचालित ३ दिने पर्ल्स अनुगमन तालिम तथा सदस्य सम्मान कार्यक्रम मंसिर १२ गते सम्पन्न भएको छ। बैंकका सञ्चालक ज्ञान बहादुर तामाङ्गको अध्यक्षतामा संचालित उक्त समारोहमा बैंकका अध्यक्ष के.वी. उप्रेतिको प्रमुख आतिथ्यता रहेको थियो ।

काभ्रे र सिन्धुपाल्चोक जिल्लाका विभिन्न सहकारी संस्थाहरुवाट २५ जना प्रतिनिधिहरुको सहभागितामा सञ्चालन भएको पर्ल्स अनुगमन तालिमलाई प्रशिक्षक अनिल बिर बज्राचार्यले सहजीकरण गर्नु भएको थियो ।



# मोरङमा बैंकको सेवा सम्वन्धी अन्तरक्रिया कार्यक्रम

मोरङ । राष्ट्रिय सहकारी बैंक लिमिटेड विराटनगर शाखाको आयोजनामा मोरङको ग्रामथान गाउपालिकामा संचालनमा रहेका सहकारीहरुलाई आबद्ध गराई एक दिने बैंक सेवा सम्वन्धी अन्तरक्रिया कार्यक्रम मंसिर १२ गते सम्पन्न भएको छ । कार्यक्रममा ग्रामथान गाउँपालिका क्षेत्रमा संचालनमा रहेका ३० वटा सक्रिय सहकारी संस्थाका ३५ जना प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकले दिने सेवा सुविधा तथा भावि रणनीतिका वारेमा विराटनगर शाखाका प्रमुख प्रभु पोखरेलले प्रस्तुतिकरण गर्नु भएको थियो । कार्यक्रममा बैंकका वारेमा उठेका जिज्ञासाको उत्तर शाखा प्रमुख प्रभु पोखरेलले प्रष्ट पार्नु भएको थियो। अन्तरक्रिया कार्यक्रमको अध्यक्षता सहकारी संस्था लिमिटेड भ्रोडाहाटका अध्यक्ष तथा विराटनगर शाखा समन्वय उप-समितिका सदस्य विजय कुमार माझी, स्वागत सहकारी संजाल ग्रामथानका सचिव भुपनारायण चौधरीले राख्नु भएको थियो । कार्यक्रममा सहभागीहरुले ग्रामथान गाउपालिकामा सहकारी बैंकको एक्सटेन्सन काउन्टरको माग पनि राख्नु भएको थियो । त्यस क्षेत्रवाट बैंकको सदस्यता नलिएका सहकारीहरुले बैंकको सदस्यता लिई बैंकसंग नियमित कारोवार गर्ने प्रतिवद्धता समेत व्यक्त गरेका थिए । अन्तरक्रिया कार्यक्रमको संचालन विराटनगर शाखाका कर्मचारी इम्तियाज आलमले गर्नु भएको थियो ।

# मोरङमा नीति तथा कार्यबिधि निर्माण कार्यशाला

मोरङ । राष्ट्रिय सहकारी बैंकको प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोगमा चौतारी सामाजिक उद्यमी महिला सहकारी संस्था पथरीशनिश्चरे न.पा.२, मोरङको आयोजनामा पथरीशनिश्चरे न.पा. बडा नं. २, स्थित चौतारी सामुदायिक वनको सभाहलमा नीति तथा कार्यबिधि निर्माण सम्बन्धि ३ दिने कार्यशाला मंसिर १६ गते सम्पन्न भएको छ । सहकारीका सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति, शिक्षा उप-समिति, समुह सञ्जालका प्रतिनिधि, कर्मचारी तथा सक्रिय सदस्यहरु सहित २० जनाको सहभागीता रहेको ३ दिने कार्यशालामा सहकारीका लागी आवश्यक सदस्यता सम्बन्धी नीति, सञ्चालक सम्बन्धी नीति, साधारण सभा तथा निर्वाचन नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन तथा लेखा नीति, सम्पत्ति शुद्धिकरण निवारण नीति, बस्तु बिकास तथा बजार व्यवस्थापन नीति निर्माणका साथै बित्तिय परामर्श तथा बिनियम संसोधनका लागी सहजीकरण गरिएको थियो । कार्यशालाको सहजिकरण राष्ट्रिय सहकारी बैंकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

# सिराहामा नीति तथा कार्यबिधि निर्माण कार्यशाला



सिराहा । राष्ट्रिय सहकारी बैंकको प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोग र समाधान महिला कृषि सहकारी संस्था लि. लाहान न.पा. २१, सिराहाको आयोजनामा लाहान न.पा. बडा नं. २१, माधोपुरमा मा नीति तथा कार्यबिधि निर्माण सम्बन्धि ३ दिने कार्यशाला मंसिर १४ गते सम्पन्न भएको छ । सहकारीका सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति, शिक्षा उपसमिति, समुह सञ्जालका प्रतिनिधि, कर्मचारी तथा सक्रिय सदस्यहरु सहित २४ जनाको सहभागीता रहेको सो ३ दिने कार्यशालामा सहकारीका लागी आवश्यक सदस्यता सम्बन्धी नीति, सञ्चालक सम्बन्धी नीति, साधारण सभा तथा निर्वाचन नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन तथा लेखा नीति, सम्पत्ति शुद्धिकरण निवारण नीति, बस्तु विकास तथा बजार व्यवस्थापन नीति निर्माणका साथै बित्तिय परामर्श तथा बिनियम संसोधनका लागी सहजीकरण गरिएको थियो । सो कार्यशालाको सहजिकरण राष्ट्रिय सहकारी बैंकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

# सुर्खेतमा नीति तथा कार्यबिधि निर्माण कार्यशाला




सुर्खेत । राष्ट्रिय सहकारी बैंकको प्राबिधिक सहयोग, हेफर इन्टरनेशलनको बित्तिय सहयोगमा सफलता सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड बराहाताल सुर्खेतको आयोजनामा सञ्चालन भएको ३ दिने नीति तथा कार्यबिधि निर्माण कार्यशाला मसिर १४ गते सम्पन्न भएको छ । संस्थाका अध्यक्ष चन्द्रा गौतमको अध्यक्षतामा भएको समापन समारोहमा बराहाताल गाउपालिकाका अध्यक्ष तज बहादुर बस्नेतको प्रमख आतिथ्यता रहेको थियो। समापन समारोहमा सहभागिको तर्फवाट मन्तव्य राख्दै संस्थाकी उपाध्यक्ष कोशी पुनले तालिमले संस्था संचालन गर्ने मार्गनिर्देश प्राप्त भएको बताउनुभयो । उहाँले सबै सदस्यको आर्थिक बिकास गर्ने गरी संस्था संचालन गर्ने प्रेरणा प्राप्त भएको बताउनु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि अध्यक्ष बस्नेतले अवका दिनमा ग्रामिण क्षेत्रमा महिला सगै पुरुषहरुलाई पनि समेट्दै तालिमहरु संचालन गर्न सुझाव दिदै सहकारी अभियान नै जनताको आर्थिक, सामाजिक बिकास गर्ने क्षेत्र भएको बताउदै गाउपालिका आवश्यक सहयोग गर्न तयार रहेको बताउनु भएको थियो । कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा समिति, उप-समिति सदस्यहरु, कर्मचारीहरु गरी २८ जनाको सहभागिता रहेको थियो । कार्यक्रमवाट बिनियम संसोधन मस्यौदा, बजार व्यवस्थापन नीति, संस्थाको बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन नीति, सदस्यता प्रदान नीति र कोष व्यवस्थापन तथा परिचालन नीतिहरु निर्माण गरीएको थियो । कार्यक्रम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजिकरणमा सम्पन्न भएको थियो ।

# इलाममा नीति तथा कार्यविधि निर्माण तालिम



राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय इलामले आयोजना गरेको २ दिने नीति तथा कार्यविधि निर्माण तालिम मंसिर १६ गते सम्पन्न भएको छ । इलाम जिल्लामा रहेका सहकारी संघ/संस्थाहरुलाई लक्षित गरि सुरुवात गरिएको तालिम कार्यक्रममा त्यस क्षेत्रका सहकारी संघ/संस्थाहरुबाट ३६ जना सहकारीकर्मीहरुको सहभागिता रहेको थियो । इलाम स्थित आर्दश उच्च मा. वि.शैक्षिक तालिम केन्द्रहलमा संचालित सो तालिम कार्यक्रमलाई प्रशिक्षक राजकुमार बरालले सहजिकरण गर्नुभएको थियो ।

# ललितपुरमा सम्पत्ति शुद्धीकरण निवारण विषयक तालिम



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय लगनखेलको आयोजनामा १ दिने सम्पत्ति शुद्धीकरण निवारण विषयक तालिम मंसिर २० गते सम्पन्न भएको छ, ललितपुरका विभिन्न सहकारी संघ/संस्थाका ३० जना प्रतिनिधिहरुको तालिममा सहभागिता रहेको थियो ।

तालिम समापनका अबसरमा बैंकका सञ्चालकद्वय रामहरी बजगाईं र ज्ञान बहादुर तामाङ्गवाट सहभागीहरूलाई तालिम प्रमाणपत्र वितरण गरिएको थियो । बैंक तथा वित्तीय संस्थामा जस्तै सहकारी क्षेत्रमा समेत सम्पत्ति शुद्धीकरण निवारण विषय सहकारी विभागले निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याएको छ बैंकको लगनखेल शाखा कार्यालयका प्रमुख रमा घिमिरेको सञ्चालनमा सम्पन्न तालिमलाई प्रशिक्षक नारायण प्रसाद ज्ञवालीले प्रशिक्षण दिनुभएको थियो ।

# सहकारी भुक्तानी आदेश पुर्जा फर्छ्यौट प्रणाली सम्बन्धी एक दिने गोष्ठी

काठमाडौं । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा सहकारी संघ/संस्थाहरुको भुक्तानी आदेश पुर्जा फर्छ्यौट प्रणाली सम्बन्धी एक दिने गोष्ठी मंसिर १६ गते काठमाडौंमा सम्पन्न भएको छ । बैंकका अध्यक्ष के.वी. उप्रेतिको अध्यक्षता तथा सहकारी विभागका रजिष्ट्रार टोकराज पाण्डेको प्रमुख आतिथ्यतामा सम्पन्न गोष्ठीमा प्रतिनिधि सभाका सदस्य राजेन्द्र पाण्डे, एशियाली ऋण महासंघका प्रमुख कार्यकारी अधिकृत Elenita V. San Roque तथा पूर्व प्रमुख कार्यकारी अधिकृत Ranjith Hettiarachchi हितका प्रतिनिधिहरुको विशिष्ट आतिथ्यता रहेको थियो ।

कार्यक्रममा सहकारी संघ/संस्थाहरुको लागी भुक्तानी पुर्जा फर्छ्यौट किन आवश्यक छ सम्बन्धमा विभिन्न बक्ताहरुले आफ्नो भनाई राख्नु भएको थियो ।



# पोखरामा सहकारी बैंकको कर्जा जोखिम तालिम




पोखरा । राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा शाखाको आयोजनामा सञ्चालित २ दिने कर्जा जोखिम व्यवस्थापन तालिम मंसिर २१ गते सम्पन्न भएको छ । तालिममा कर्जा व्यवस्थापन, जोखिम व्यवस्थापन, भाखा नाघेको कर्जा व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन लगायतका विषयमा सहभागीहरुलाई तालीम प्रदान गरिएको थियो । तालिमको सहजीकरण बैंकका कर्जा विभाग प्रमुख प्रमोद कुमार घिमिरेले गर्नु भएको थियो ।
तालिम समापनका अवसरमा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सहकारीमार्फत आयआर्जन गर्ने मुख्य माध्यम कर्जा भएकाले कर्जा व्यवस्थापनमा बढी ध्यान दिन आवश्यक रहेको बताउनुभएको हो । उहाँले कर्जा तथा जोखिम व्यवस्थापन तालिमबाट सिकेको कुरा व्यवहारमा लागु गरी आफ्नो संस्था र समग्र सहकारी अभियानलाई प्रभावकारी बनाउने कार्यमा लाग्न तालिमका सहभागीहरुलाई आग्रह गर्नु भयो ।
समापन कार्यक्रममा प्रशिक्षक प्रमोद कुमार घिमिरेले कर्जालाई व्यवस्थित गराउन नसकेमा संस्था प्रभावकारी नहुने भएकाले कर्जामा काम गर्ने कर्मचारीले प्रक्रियासम्मत काम गर्नु पर्नेमा जोड दिनुभयो, कार्यक्रममा सहभागीहरु फिष्टेल बचत तथा ऋण सहकारी संस्थाका विनय सुवेदी र पोखरा रोयल सहकारी संस्थाका सरस्वती भुजेलले तालिमबाट धेरै कुरा सिक्ने अवसर प्राप्त भएको र सिकेको ज्ञानलाई कार्यक्षेत्रमा गई व्यवहारमा लागु गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।
समापन कार्यक्रम राष्ट्रिय सहकारी बैंक पोखरा शाखा समन्वय उपसमितिका संयोजक मेजर तुलसीप्रसाद गुरुङको अध्यक्षता र शाखा प्रमुख सन्तोष घिमिरेको सञ्चालनमा सम्पन्न भएको थियो । तालिममा कास्की र तनहुँ जिल्लाका विभिन्न विषयका ४० वटा सहकारी संस्थाका ४० जना कर्मचारी तथा कर्जा उपसमितिका सदस्यहरुको सहभागिता रहेको थियो ।

# झापामा पर्ल्स अनुगमन सम्बन्धी तालिम

झापा । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय दमकको आयोजनामा ३ दिन सम्म संचालित पर्ल्स अनुगमन सम्बन्धी तालिम मंसिर २२ गते सम्पन्न भएको छ । झापा दमक क्षेत्रका ३७ वटा सहकारी संघ/संस्थाहरुवाट ३९ जनाको सहभागीता रहेको तालिममा प्रशिक्षक अनिलवीर बज्राचार्यले प्रशिक्षण दिनुभएको थियो ।



# चाबहिलमा क्षमता अभिवृद्धि तालिम

काठमाडौँ । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय चाबहिलको आयोजनामा सहकारीकर्मीको १ दिने क्षमता अभिवृद्धि तालिम मंसिर २४ गते सम्पन्न भएको छ । बैंकको चाबहिल शाखा व्यवस्थापन उप-समितिका संयोजक बिकल्प पाठकको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा बैंकका सञ्चालक ज्ञान बहादुर तामाङ्गको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमका संयोजक विकल्प पाठक तथा प्रमुख अतिथि ज्ञान बहादुर तामाङ्ग द्वयले सहकारी बैंकमा सम्पूर्ण सहकारी संघ/संस्थाहरुले सम्पूर्ण कारोवार गर्न अनुरोध गर्नुभयो । बैंकले सहकारीकर्मीहरुको आवश्यकतालाई मध्यनजर गर्दै विभिन्न समयमा तालिम शिक्षाका कार्यक्रम सञ्चालनका साथै संरक्षित पूंजी फिर्ता कोष समेतको लाभ सहकारी संस्थाहरुलाई प्रदान गर्ने भएकोले सहकारी बैंकमा संघ/संस्थाको सम्पूर्ण कारोवार गर्न अनुरोध गर्नुभयो । तालिममा चाबहिल क्षेत्रका विभिन्न



सहकारी संघ/संस्थाहरुवाट ५६ जना सहकारीकर्मीहरुको सहभागिता रहेको थियो । बैंकका सूचना प्रविधि संचार तथा प्रकाशन विभागका विभागीय प्रमुख नवीन कुमार कार्कीको सहजीकरणमा सम्पन्न भएको तालिम समापन कार्यक्रमको सञ्चालन बैंकको चाबहिल शाखा कार्यालयका प्रमुख जानुका नेपालले सञ्चालन गर्नुभएको थियो ।

# मोरङमा पर्ल्स बिश्लेषण तालिम

मोरङ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोगमालेटाङ, मोरङमा




पर्ल्स बिश्लेषण सम्बन्धि ३ दिने तालिम मंसिर २२ गते समापन भएको छ। झापा र मोरङ जिल्लाका बिभिन्न ५ बटा सहकारीका अध्यक्ष, लेखा संयोजक, सचिव, कोषाध्यक्ष र व्यवस्थापक सहित २८ जनाको सहभागीता रहेको सो ३ दिने कार्यशालामा पर्ल्स बित्तिय बिश्लेषण तथा अनुगमन प्रणालीको परिचय, उद्देश्य, शब्दावली, मापदण्ड, गणना बिधि, बिश्लेषण बिधि, प्रभाव तथा बित्तिय स्वास्थ्यको पहिचानको बिषयमा सहजिकरण गरिएको थियो ।

तालिम समापनमा सहभागी संस्थाका प्रतिनिधिहरुले सञ्चालक समिति, लेखा समिति, उप-समिति तथा कर्मचारीहरु सहित पर्ल्सको महत्वको बारेमा छलफल गर्ने, भाखा नाघेको ऋणको सहि गणना गर्ने, भाखा नाघेको ऋणको लागी आवश्यक सुरक्षण व्यवस्था गर्ने, व्यवस्थापकले मासिक पर्ल्स प्रतिवेदन तयार गर्ने, पर्ल्स बिश्लेषण सञ्चालक समितिको मासिक बैठकमा समिक्षा गर्ने, सञ्चालक समितिको मासिक बैठकमा लक्ष्य तथा उपलब्धी समिक्षा गर्ने र पर्ल्सको आधारमा देखिएका कमजोरीहरु सुधारका लागी समितिको बैठकबाट योजना बनाउने प्रतिबद्धता जाहेर गरेका थिए। ३ दिन सम्म संचालित तालिमको सहजिकरण राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

# साधारणसभाको पूर्वसन्ध्यामा देशभर सुझाव संकलन

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरुको समन्वयमा पुष ३ गते सम्पन्न हुने १६ औं वार्षिक साधारणसभाको पूर्वसन्ध्यामा देशभरका शाखाहरु मार्फत सदस्य संस्थाका प्रतिनिधिहरुसंग सुझाव संकलन गरेको थियो । साधारणसभा पूर्व बैंकका ४४ वटै शाखाहरु मार्फत सदस्य संघ संस्थाका प्रतिनिधिहरुसंग साधारणसभाको प्रतिवेदन उपर छलफल गरी सुझाव, जिज्ञासा र गुनासाहरु संकलन गरिएको बैंकका अध्यक्ष के.बी.उप्रेतीले जानकारी दिनुभएको थियो । मंसिर २६ देखि २९ गतेसम्म सबै शाखामा अन्तरक्रिया गरी सदस्य संघ संस्थाका प्रतिनिधिहरुले दिएको सुझावहरु सञ्चालक समिति र साधारणसभामार्फत कार्यान्वयन गर्ने तयारीका साथ सुझाव संकलन गरिएको अध्यक्ष उप्रेतीले बताउनुभएको हो । अन्तरक्रियाका लागि बैंकका अध्यक्ष र सञ्चालकहरु, लेखा समितिका संयोजक र सदस्यहरुलाई केन्द्रीय प्रतिनिधि चयन गरिएको थियो ।

देशभरका सहकारीकर्मीहरुलाई साधारणसभाको सन्देश दिन, साधारणसभामा प्रस्तुत गरिने विषयहरुका बारेमा जानकारी दिन, बैंकको योजना तथा रणनीतिका बारेमा जानकारी दिनका लागि समेत अन्तरक्रिया आयोजना गरिएको थियो ।

# दाङ्गमा नीति तथा कार्यबिधि निर्माण कार्यशाला तालिम

दाङ्ग । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग, हेफर इन्टरनेशलनको बित्तिय सहयोगमा दिपन सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड सतवरीया, दाङको ३ दिने नीति तथा कार्यविधि निमार्ण कार्यशाला तालिम मंसिर २५ गते सम्पन्न भएको छ । संस्थाका अध्यक्ष पुनम घर्तिमगरको अध्यक्षतामा भएको समापन समारोहमा लमही नगरपालिका वडा नम्वर ८ का अध्यक्ष मेघ नारायण चौधरीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा समिति, उप-समिति सदस्यहरु र कर्मचारी गरी ३५ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको समापनमा सहभागिको तर्फवाट बोल्दै संस्थाका सञ्चालक सदस्य सृष्टी परियारले तालिम निकै राम्रो रहेको यस तालिममा निर्माण गरीएका नीतिकार्यबिधि




अनुरुप संस्था संचालन भए उद्धेश्यहरु सहज रुपमा प्राप्त गर्न सक्ने बताउनु भएको थियो । कार्यक्रमवाट संस्थाको बिनियम संसोधन मस्यौदा बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन नीति, बजार व्यवस्थापन नीति, सदस्यता प्रदान नीति र कोष व्यवस्थापन तथा परिचालन नीतिहरु निर्माण गरीएको थियो । कार्यक्रम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजिकरण सम्पन्न भएको थियो ।

# बर्दिवासमा बार्षिक योजना तथा बजेट तर्जुमा तालिम

बर्दिवास । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बर्दिवासको आयोजनामा बर्दिवासमा सञ्चालित वार्षिक योजना तथा बजेट तर्जुमा तालिम मंसिर २५ सम्पन्न भएको छ । कार्यक्रम बैंकका सञ्चालक तथा प्रदेश नं.२ संयोजक विश्वनाथ मण्डलको अध्यक्षता, बैंकका सञ्चालक ध्रुव नारायण यादवको प्रमुख आतिथ्यता, जिल्ला बचत संघ महोत्तरीका अध्यक्ष कृष्ण बहादुर सिंह, बैंकको बर्दिवास शाखा समन्वय उपसमितिका पुर्व सदस्य शारदा दाहाल, लिलामणी आचार्य र बर्दिवास सहकारी संजालका अध्यक्ष शंकर कुमार श्रेष्ठको आतिथ्यता रहेको थियो । बैंकको बर्दिवास शाखा प्रमुख लोकेन्द्र के.सी.ले सञ्चालन गर्नुभएको तालिममा प्रशिक्षक अनिल विर वज्राचार्यले प्रशिक्षण गर्नुभएको थियो । तालिममा महोत्तरी तथा धनुषा जिल्लाका २९ जना सहकारी संघ/संस्थाहरुको प्रतिनिधीहरुको सहभागिता रहको थियो ।



# रौतहटमा नीति तथा कार्यबिधि निर्माण कार्यशाला

रौतहट । राष्ट्रिय सहकारी बैंकको प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोगमा प्रारम्भ सामाजिक उद्यमी महिला सहकारी संस्था लि. बृन्दावन न.पा. ७, रौतहटको आयोजनामा बृन्दावन नगरपालिका वडा नं. ७, अवस्थित रुपा नेपाली पाल मा.वी मा नीति तथा कार्यबिधि निर्माण सम्बन्धि ३ दिने कार्यशाला पुस १ गते सम्पन्न भएको छ । संस्थाका अध्यक्ष अनिता चौधरीको अध्यक्षता तथा हेफर ईन्टरनेशनलका SSFO जयप्रकाश चौधरी, सोडेक नेपालका जयमंगल यादव, सल्लाहकार जनक चौधरीको आतिथ्यता रहेको सो कार्यक्रमको सञ्चालक संस्थाका सचिव बिना पालले गर्नुभएको थियो । सहकारीका सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति, शिक्षा उपसमिति, समुह सञ्जालका प्रतिनिधि, कर्मचारी तथा सकृय सदस्यहरु सहित २५ जनाको सहभागीता रहेको सो ३ दिने कार्यशालामा उक्त सहकारीका लागी आवश्यक सदस्यता सम्बन्धी नीति, सञ्चालक सम्बन्धी नीति, साधारण सभा तथा निर्वाचन नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन तथा लेखा नीति, सम्पत्ति शुद्धिकरण निवारण नीति, बस्तु बिकास तथा बजार व्यवस्थापन नीति निर्माणका साथै बित्तिय परामर्श तथा बिनियम संसोधनका लागी सहजीकरण गरिएको थियो । सहकारीका तर्फबाट अध्यक्ष, सचिव तथा सञ्चालकहरुले नीति पारित गरि सोही अनुसार अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभएको थियो । कार्यशालाको सहजिकरण राष्ट्रिय सहकारी बैंकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो ।



# रौतहटमा सहकारी व्यवस्थापन तालिम

रौतहट । राष्ट्रिय सहकारी बैंक लि.को प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोगमा चन्द्रपुर, रौतहटमा सहकारी व्यवस्थापन सम्बन्धि ३ दिने तालिम पुस ५ गते सम्पन्न भएको छ । धनुषा, सिराहा, बारा र रौतहट जिल्लका बिभिन्न ५ बटा सहकारीका अध्यक्ष, लेखा संयोजक, सचिव, कोषाध्यक्ष र व्यवस्थापक सहित २५ जनाको सहभागीता रहेको कार्यशालामा सहकारीको परिभाषा, सिद्धान्त, मुल्य मान्यता, सञ्चालक समिति र लेखा समितिको काम, कर्तव्य तथा जिम्मेवारी, प्रभावकारी बैठक व्यवस्थापन, योजना निर्माण, आन्तरीक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन जस्ता बिषयमा सहजीकरण गरिएको थियो । तालिम समापनमा सहभागीका तर्फबाट बिचार व्यक्त गर्दै समाधना सामाजिक उद्यमी महिला सहकारी संस्था, सिराहाकी सचिव गिरिजा यादव, सृजनसिल, बाराका व्यवस्थापक सन्तोष प्रजापति र आरम्भ, रौतहटका सचिव पुनम चौधरीले अब सहकारीले मासिक योजना निर्माण गर्ने,



सञ्चालक समितिको मासिक बैठकमा मासिक लक्ष्य र उपलब्धीको समिक्षा गर्ने, लेखा समितिलाई सकृय गराउने प्रतिबद्धता जाहेर गर्नुभएको थियो । तालिमको सहजिकरण राष्ट्रिय सहकारी बैंकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

# रौतहटमा पर्ल्स बिश्लेषण तालिम




रौतहट । राष्ट्रिय सहकारी बैंकको प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोगमा होटल पशुपति, चन्द्रपुर, रौतहटको तालिमहलमा पर्ल्स बिश्लेषण सम्बन्धि ३ दिने तालिम पुस १० गते सम्पन्न भएको छ । सिन्धुली, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाकाका बिभिन्न ९ बटा सहकारीका अध्यक्ष, सचिव, कोषध्यक्ष र व्यवस्थापक सहित २३ जनाको सहभागीता रहेको कार्यशालामा पर्ल्स बित्तिय बिश्लेषण तथा अनुगमन प्रणालीको परिचय, उद्देश्य, शब्दावली, मापदण्ड, गणना बिधि, बिश्लेषण बिधि, प्रभाव तथा बित्तिय स्वास्थ्यको पहिचानको बिषयमा सहजिकरण गरिएको थियो । तालिम समापनमा सहभागी संस्थाहरुले सञ्चालक समिति, लेखा समिति, उपसमिति तथा कर्मचारीहरु सहित पर्ल्सको महत्वको बारेमा छलफल गर्ने, भाखा नाघेको ऋणको सहि गणना गर्ने, भाखा नाघेको ऋणको लागी आवश्यक सुरक्षण व्यवस्था गर्ने, व्यवस्थापकले मासिक पर्ल्स प्रतिबेदन तयार गर्ने, पर्ल्स विश्लेषण सञ्चालक समितिको मासिक बैठकमा समिक्षा गर्ने, सञ्चालक समितिको मासिक बैठकमा लक्ष्य तथा उपलब्धी समिक्षा गर्ने र पर्ल्सको आधारमा देखिएका कमजोरीहरु सुधारका लागी समितिको बैठकबाट योजना बनाउने प्रतिबद्धता जाहेर गरिएको थियो । सो तालिमको सहजिकरण राष्ट्रिय सहकारी बैंकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

# बर्दियामा लेखा व्यवस्थापन तालिम



बर्दिया । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना तथा हेफर इन्टरनेशलनको बित्तिय सहयोगमा बर्दियाको, गुलरियामा ५ दिवसिय लेखा व्यवस्थापन तालिम पुष ७ गते सम्पन्न भएको छ । उक्त कार्यक्रममा सल्यान,बर्दिया र सुर्खेतका बिभिन्न सहकारी संस्थाका अध्यक्ष, कोषाध्यक्ष, व्यवस्थापक र लेखापाल गरी २५ जनाको सहभागिता रहेको थियो । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजिकरण सम्पन्न भएको थियो ।

# बाँकेमा पर्ल्स बिश्लेषण तालिम

बाँके । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना तथा हेफर इन्टरनेशलनको बित्तिय सहयोगमा बाँकेको नेपालगञ्जमा बैंकका सञ्चालक बिजया धितालको अध्यक्षतामा ३ दिने पर्ल्स वित्तीय बिश्लेषण तालिम पुस २२ गते सम्पन्न भएको छ । कार्यक्रममा बाँके र दाङ जिल्लाका बिभिन्न सहकारी संस्थाका अध्यक्ष, कोषाध्यक्ष, व्यवस्थापक, लेखापाल, सहकारी सहजकर्ता तथा परियोजना संयोजक गरी २५ जनाको सहभागिता रहेको थियो । तालिमको समापनमा सहभागिको तर्फवाट मन्तव्य राख्दै संघर्षशील समाजिक



उद्यमी महिला सहकारी संस्था राप्ती सोनारी, बाँकेका कर्मचारी भुपेन्द्र खड्काले तालिम निकै प्रभावकारी प्रशिक्षण बिधिवाट भएकोमा खुसी व्यक्त गदै यो तालिमले आगामी दिनमा संस्थालाई बित्तिय पक्षमा व्यवस्थित रुपमा संचालन गर्न सहयोग गर्ने बताउनु भएको थियो । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजिकरणमा सम्पन्न भएको हो ।

# बर्दिवास शाखा कार्यालयको अनुगमन

महोत्तरी । राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबासमा प्रदेश नम्बर २ का भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद शाहले पुस २१ गते अनुगमन गर्नुभयो । सो अवसरमा बैंकका सञ्चालक ध्रूव नारायण यादव सहित बैंकको बर्दिबास शाखा कार्यालयका शाखा प्रमुख लोकेन्द्र के.सी. ले मन्त्री शाहलाई स्वागत गर्नुभएको थियो, अवलोकनपछि मन्त्री शाहले सहकारी बैंकको बर्दिबास शाखा मार्फत सेवा लिई रहेका



सहकारी संघ/संस्थाहरुको सम्बन्धमा जानकारी लिनुभएको थियो ।

# दाङ्गमा पर्ल्स तालिम

दाङ्ग । राष्ट्रिय सहकारी बैंकको आयोजना, हेफर इन्टरनेशलनको बित्तिय सहयोगमा दाङको, घोराहीमा ३ दिने पर्ल्स बित्तिय बिश्लेषण तालिम पुस ११ गते बैंकका दाङ शाखा व्यवस्थापन समिति संयोजक भरत बुढाथोकीको अध्यक्षता जिल्ला सहकारी संघ दाङका अध्यक्ष गोबिन्द प्रसाद शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रममा सल्यान, प्यूठान र दाङका बिभिन्न सहकारी संस्थाका अध्यक्ष, कोषाध्यक्ष, व्यवस्थापक र लेखापाल गरी ३१ जनाको सहभागिता रहेको थियो । तालिमको समापनमा सहभागिको तर्फवाट मन्तव्य राख्दै नमुना समाजिक उद्यमी महिला सहकारी संस्था सल्यानका व्यवस्थापक पुजा भण्डारीले तालिम निकै प्रभावकारी रुपमा व्यवस्थित तरीकावाट भएकोमा खुसी व्यक्त गदै यो तालिमले आगामि दिनमा संस्था व्यवस्थित रुपमा संचालन गर्न सहयोग गर्ने बताउनु भएको थियो । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजिकरण सम्पन्न भएको थियो ।



# Cooperative Manager's Competency Course (CMCC) तालिम

भक्तपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय ठिमीको आयोजनामा ३ दिन सम्म संचालित Cooperative Manager's Competency Course ( CMCC ) तालिम १२ पुस गते सम्पन्न भएको छ, रत्नागिरी रिसोर्ट भक्तपुरमा सम्पन्न तालिममा भक्तपुरका विभिन्न सहकारी संघ/संस्थाहरुवाट ३३ जना सहकारी संघ/संस्थाका व्यवस्थापकहरुको सहभागिता रहेको थियो ।

राष्ट्रिय सहकारी बैंकका सहायक प्रबन्धक तथा बैंकको सूचना प्रविधि संचार तथा प्रकाशन विभागीय प्रमुख नबीन कुमार कार्कीको प्रमुख आतिथ्यतामा कार्यक्रमको समापन भएको थियो । समापन कार्यक्रममा बोल्दै विभागीय प्रमुख नबीन कुमार कार्कीले बैंकले सहकारी संघ/संस्थाका व्यवस्थापकहरुको क्षमता विकासका सम्पूर्ण विषयबस्तु समाबेश गराई सञ्चालन गरिएको तालिमवाट सहभागी संघ/संस्थाका प्रतिनिधिहरुको क्षमता विकास भएकोमा विश्वास व्यक्त गर्नुभयो, संस्था सञ्चालनमा प्रत्यक्ष संलग्न हुने व्यवस्थापकको क्षमता विकास भएमा संस्था




समेत प्रभावकारी हुनेमा सञ्चालन हुने र संस्थाका सदस्य समेत संस्था प्रति संतुष्ट हुने कुरा व्यक्त गर्नुभयो । साथै प्रबन्धक कार्कीले तालिममा समूह निर्माण, सहकारीमा कोपोमिस तथा सहकारी संघ/संस्थामा सूचना प्रविधि सम्बन्धमा सहजीकरण समेत गर्नुभएको थियो भने सहभागीहरुलाई तालिम प्रमाणपत्र समेत प्रदान गर्नुभएको थियो ।

३ दिन सम्म संचालित तालिममा सहकारीमा सुशासन, सहकारी ऐन तथा नियमावली, वित्तीय व्यवस्थापन, पर्ल्स, सहकारी व्यवस्थापनका विषय, नीति योजना तर्जु, उत्प्रेरणा, समूह निर्माण, व्यवस्थापकको नेतृत्व विकास, सहकारीमा सम्पत्ति शुद्धिकरण, सहकारीमा कर्जा व्यवस्थापन, खराव कर्जा असुली र प्रक्रियाहरु, प्रभावकारी संचार, उत्प्रेरणा, व्यवस्थापकको जिम्मेवारी तथा दायित्व, धितो निरिक्षण विधि, सहकारीमा सूचना प्रविधि, सहकारीमा समूह निर्माण, सहकारीमा कोपोमिस सहकारी मार्फत दीगो विकास, सहकारीमा संस्थागत सुशासन लगायतका विषयमा प्रशिक्षण दिईएको थियो ।

कार्यक्रम समापनको अबसरमा सहभागीहरुको तर्फवाट बोल्दै सहभागीहरुको तालिम निकै प्रभावकारी भएको बताउदै आफु आबद्ध सहकारी संघर संस्थाको विकासमा आफुले सीकेका विषयहरु कार्यान्वयनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो, बैंकको ठिमी शाखाका प्रमुख दिनेश गेलालको सञ्चालनमा सम्पन्न भएको तालिमलाई ठिमी शाखा कार्यालयका कर्मचारी रेगन बर्तौला तालिम सहयोगीको भूमिका निर्वाह गर्नुभएको थियो ।

# बागलुङमा पर्ल्स अनुगमन तालिम

# सहकारीलाई समृद्धीको प्रमुख आधार बनाऔं : प्रमुख ढुंगाना

बागलुङ । जिल्ला समन्वय समिति बागलुङका संयोजक राजेन्द्र ढुंगानाले सहकारी क्षेत्रलाई समृद्ध समाज निर्माणको प्रमुख आधार बनाउनु पर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाले आयोजना गरेको तीन दिने पर्ल्स अनुगमन तालिमको उद्घाटन गर्दै ढुंगानाले यस्तो बताउनु भएको हो ।

संविधानले नै सहकारीलाई आर्थिक विकासको एउटा महत्वपूर्ण खम्बाका रुपमा लिएकोले सबै क्षेत्रले सहकारीलाई प्रभावकारी बनाउदै समृद्धिको महत्वपूर्ण आधारका रुपमा विकास गर्नु पर्नेमा उहाँको जोड थियो ।

सहकारी आम जनताका बीचमा पहुँच भएको, वित्तीय सेवाका साथै जनतालाई व्यवसाय गरेर आयआर्जन गर्न, वचत गर्न सिकाउनुका साथै समाजमा मिलेर बस्ने, सबैको सहभागिता गराउने काममा सहकारी क्षेत्रको भूमिका प्रभावकारी रहेको छ, ढुंगानाले भन्नुभयो-जनतालाई व्यवसायिक बनाउनका लागि सहकारी क्षेत्र सबै भन्दा उत्तम र प्रभावकारी माध्यम हो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सहकारीहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउनका लागि सहकारी बैंक निरन्तर क्रियाशिल रहेको बताउनुभएको हो । उहाँले सहकारी संघ संस्थाहरुको दिगोपनाका लागि बैंकले वित्तीय तथा क्षमता विकास र स्तरीकरणका कार्यक्रम सञ्चालन गरेको जानकारी दिनुभयो । बैंकले




शेयर लाभांश सहित कारोबारका आधारमा प्रदान गरिने संरक्षित पूँजि फिर्ता कोषको रकमबाट सदस्य संस्थाहरुलाई थप रकम दिदै आएको भन्दै जिसीले सबै सहकारीहरुलाई सहकारी बैंकमा कारोबार गर्न आव्हान गर्नु भयो ।

कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) का सञ्चालक चण्डीप्रसाद शर्माले सहकारीहरुको स्वास्थ्य अवस्था परिक्षण गरी थप प्रभावकारी बनाउनका लागि पर्ल्स अनुगमन तालिम आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो ।

तालिम उद्घाटन कार्यक्रममा जिल्ला कृषि सहकारी संघका अध्यक्ष तथा संविधानसभाका सदस्य नरबहादुर थापा, बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष दुर्गाबहादुर कुँवर, तालिमका प्रशिक्षक अनिल विर बज्राचार्य लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

तालिम उद्घाटन कार्यक्रम बैंकका सञ्चालक जिसीको अध्यक्षता, शाखा प्रमुख युवराज त्रिपाठीको सञ्चालन र कर्मचारी नवप्रसाद ढकालको स्वागतमा सम्पन्न भएको थियो ।

तालिममा विभिन्न विषयका ३५ वटा सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा पदाधिकारीहरुसहित ३५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) का २८ औं वार्षिक साधारणसभाबाट सञ्चालक पदमा निर्वाचित चण्डीप्रसाद शर्मालाई सहकारी बैंक बागलुङ शाखाको तर्फबाट सम्मान गरिएको थियो । प्रमुख अतिथि जिल्ला समन्वय समितिका संयोजक ढुंगाना, बैंकका सञ्चालक जिसी लगायतले नवनिर्वाचन सञ्चालक शर्मालाई सम्मान गर्नु भएको थियो । यसैबीच तालिम समापन कार्यक्रममा बैंकका सञ्चालक रामबहादुर जिसीले सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

# बर्दियामा पर्ल्स वित्तिय विश्लेषण तालिम

बर्दिया । राष्ट्रिय सहकारी बैंकको आयोजना, हेफर इन्टरनेशलनको बित्तिय सहयोगमा बर्दियाको, गुलरियामा ३ दिने पर्ल्स बित्तीय विश्लेषण तालिम पुस १५ गते सम्पन्न भएको छ । उक्त कार्यक्रममा बर्दिया जिल्लाका बिभिन्न सहकारी संस्थाका अध्यक्ष, कोषाध्यक्ष, व्यवस्थापक र लेखापाल गरी २८ जनाको सहभागिता रहेको थियो तालिमको समापनमा सहभागिको तर्फवाट मन्तव्य राख्दै बास्तविक समाजिक उद्यमी महिला सहकारी संस्था जमुनी, बर्दियाका अध्यक्ष पार्वती खनालले तालिम निकै प्रभावकारी रुपमा व्यवस्थित तथा सहज तरिकावाट भएकोमा खुसी व्यक्त गर्दै यो तालिमले आगामी दिनहरुमा संस्थालाई




ब्यबस्थित रुपमा संचालन गर्न सहयोग गर्ने बताउनु भएको थियो । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजिकरण सम्पन्न भएको थियो ।

# रौतहटमा सहकारी व्यवस्थापन तालिम

रौतहट । राष्ट्रिय सहकारी बैंकको प्राबिधिक सहयोग तथा हेफर ईन्टरनेशनलको बित्तिय सहयोगमा चन्द्रपुर, रौतहटमा सहकारी व्यवस्थापन सम्बन्धि ३ दिने तालिम पुस १५ गते एक कार्यक्रम बीच सम्पन्न भएको छ । रौतहट जिल्लाका बिभिन्न ५ बटा सामाजीक उद्यमी महिला सहकारीका अध्यक्ष, लेखा संयोजक, सचिव, कोषाध्यक्ष र व्यवस्थापक सहित २५ जनाको सहभागीता रहेको कार्यशालामा सहकारीको परिभाषा, सिद्धान्त, मुल्यमान्यता, सञ्चालक समिति र लेखा समितिको काम, कर्तव्य तथा जिम्मेवारी, सदस्य संगको सम्बन्ध, प्रभावकारी बैठक व्यवस्थापन, योजना निर्माण, आन्तरीक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन जस्ता बिषयमा सहजिकरण गरिएको थियो । तालिम समापनमा सहभागीहरुले मासिक योजना निर्माण गर्ने, सञ्चालक समितिको मासिक बैठकमा लक्ष्य तथा




उपलब्धी समिक्षा गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । सो तालिमको सहजिकरण राष्ट्रिय सहकारी बैंकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमालले गर्नुभएको थियो ।

# पर्वतमा कर सम्बन्धि अभिमुखिकरण तालिम




पर्वत । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्याल बागलुङ र आन्तरिक राजस्व कार्यालय, बागलुङको आयोजनामा पर्वतको कुश्मामा आयोजित एक दिने कर सम्बन्धि अभिमुखिकरण तालिम पुस १६ गते सम्पन्न भएको छ ।

पर्वत जिल्ला स्थित सहकारी संघ/संस्थालाई लक्षित गरेर आयोजना गरिएको उक्त तालिममा विभिन्न प्रकृतिका ५० सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सहकारी संघ/संस्थाहरुमा कर सम्बन्धि देखिएको अन्यौलतालाई समाधान गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बैंकका शाखा प्रमुख युवराज त्रिपाठीले जानकारी गराउनुभएको थियो ।

बचत तथा ऋण सहकारी संघ पर्वतका अध्यक्ष शेषराज रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आन्तरिक राजस्व कार्यालय बागलुङका प्रमुख कर अधिकृत हेमराज सुबेदी, कर अधिकृत बुद्धि प्रसाद आचार्य, नेफस्कुनका सञ्चालक चण्डी प्रसाद शर्मा पौडेल, दुग्ध उत्पादक सहकारी संघ पर्वतका अध्यक्ष दिर्घनारायण शर्मा, बहुउश्यीय सहकारी संघ पर्वतका उपाध्यक्ष ईन्द्रमान खत्री र कुश्मा नगरपालिकाका सहकारी शाखा प्रमुख डिल कुमारी शर्मा लगायतको उपस्थिति रहेको सो कार्यक्रममा कर अधिकृत बुद्धि प्रसाद आर्चायले सहकारीमा कर सम्बन्धि बिषय वस्तुवारे प्रस्तुतिकरण गर्नुभएको थियो भने प्रमुख कर अधिकृत हेमराज सुवेदीले कर सम्बन्धि उठेका जिज्ञासाहरुको समाधान गर्नुभएको थियो ।

नेफस्कुनका सञ्चालक चण्डी प्रसाद शर्मा पौडेलले सहकारीका ऐन, नियमावलीमा बारेमा आफ्ना भनाईहरु राख्दै सहकारी संस्थालाई सहकारी मुल्य, मान्यता र सिद्धान्त अनुरुप संचालन गर्नुपर्ने कुरामा जोड दिनु भयो ।

तालिम कार्यक्रम संचालनको क्रममा बैंकका शाखा प्रमुख युवराज त्रिपाठीले राष्ट्रिय सहकारी बैंकको विगत, बर्तमान र आगामी कार्य योजनाको बारेमा बैंक सम्बन्धि प्रस्तुतिकरण गर्दै सम्पुर्ण सहकारी संघ/संस्थालाई राष्ट्रिय सहकारी बैंक सँग कारोवार गर्न अह्वान गर्नुभएको थियो ।

## बुटवलमा सम्पत्ती शुद्धीकरण निवारण तालिम

बुटवल । राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल शाखाले सदस्य संस्थाहरुको वित्तिय सेवालाई प्रभावकारी वनाउने उद्देश्यले एक दिने सम्पत्ती शुद्धीकरण निवारण तालिम पुस १५ गते सम्पन्न गरेको छ । सहकारी संघ/संस्थाहरुको वित्तिय कारोवारलाई थप व्यवस्थित, प्रभावकारी तथा सुशासनयुक्त बनाई सहकारी नीति नियम र प्रविधियुक्त रुपमा अगाडि बढाउन तालिम सञ्चालन गरिएको शाखा प्रमुख नरेश पाण्डेले जनाकारी दिनुभयो ।

तालिममा सहभागिका तर्फवाट नारी बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालक सरिता भारी र मेचीकाली बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालक पिताम्वर अर्याललले तालिम समय सापेक्ष तथा प्रभावकारी भएको भन्दै अगामी दिनमा पनि बैंकले




यस्तै प्रकृतिका समय सापेक्ष तालिम सञ्चालन गर्नु पर्ने वताउनु भयो। तालिमको सहजिकरण सहकारी प्रशिक्षक नारायण प्रसाद ज्ञवालीले गर्नु भएको थियो । कार्यक्रम बैंकका सञ्चालक माधवलाल देवकोटाको अध्यक्षता, शाखा प्रमुख नरेश पाण्डेको स्वागत तथा बैंकका कर्मचारी अस्मिता नेपालको सञ्चलानमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा विभिन्न प्रकृतिका ४० भन्दा बढि सहकारीकर्मिहरुको सहभागिता रहेको थियो ।

# म्याग्दीमा कर सम्बन्धि अभिमुखिकरण तालिम

म्याग्दी । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बागलुङको आयोजनामा आन्तरिक राजस्व कार्यालय बागलुङसँगको सहकार्यमा म्याग्दीको वेनी बजारमा एक दिने कर सम्बन्धि अभिमुखिकरण तालिम पुस १७ गते सम्पन्न भएको छ। वेनी स्थित गोर्खा भु.पु.सैनिक बचत तथा ऋण सहकारी संस्थाको सभाहलमा सम्पन्न कार्यक्रममा म्याग्दी जिल्लाका विभिन्न प्रकृतिका ४५ सहकारी संघ/संस्थाहरुको सहभागिता रहेको थियो ।

तालिम कार्यक्रममा प्रमुख अतिथिको आतिथ्यता ग्रहण गर्दै वेनी नगरपालिकाका नगर प्रमुख हरि कुमार श्रेष्ठले आफु पनि सहकारी संस्थाको संस्थापक देखी नै सहकारीमा लागेको हुनाले हाल सहकारी संस्थाका विभिन्न ऐन, नियमहरु आईरहेको हुनाले सहकारी संस्थाहरु सोही अनुरुप संचालन गर्न अनुरोध गर्नुभयो । उहाँले सहकारी साहुकारी नभई आफ्ना सदस्यहरुलाई समान व्यवहारमा सेवा प्रदान गर्नुका साथै तालिममा सिकेका कुराहरुलाई व्यवहारमा ल्याउन सुझाव दिनुभयो ।

कार्यक्रमको सहजिकरण आन्तरिक राजस्व कार्यालय बागलुङका कर अधिकृत बुद्धि प्रसाद आर्चायले गर्नुभएको थियो भने बैंक सम्बन्धि प्रस्तुतिकरण बैंकका शाखा प्रमुख युवराज त्रिपाठीले गर्नुभएको ।



सहकारी संघ/संस्थाहरुमा कर सम्बन्धि देखिएको द्धिविधालाई सामाधान गर्ने उद्धेश्यले तालिम आयोजना गरिएको बैंकका शाखा प्रमुख युवराज त्रिपाठीले जानकारी गराउनु भयो । जिल्ला सहकारी संघ म्याग्दीका उपाध्यक्ष ज्ञानेन्द्र सुबेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला सहकारी संघ म्याग्दीका सचिव ज्योती लामिछाने, आन्तरिक राजस्व कार्यालय बागलुङका कर अधिकृत बुद्धि प्रसाद आचार्य, वेनी नगरपालिका सहकारी शाखाका प्रमुख कुमार रिजाल लयायतको उपस्थिति रहेको उक्त कार्यक्रमको संचालन बैंकका शाखा प्रमुख युवराज त्रिपाठीले गर्नुभएको थियो ।

# दाङ्गमा सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

दाङ्ग । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय दाङको आयोजनामा एक दिने सम्पत्ती शुद्धिकरण अभिमुखीकरण कार्यक्रम घोराही दाङमा शाखा कार्यालय दाङका समन्वय उपसमिति संयोजक भरत बहादुर बुढाथोकीको अध्यक्षता तथा जिल्ला सहकारी संघ दाङका अध्यक्ष गोविन्द प्रसाद शर्माको प्रमुख आतिथ्यतामा पुष २३ गते सम्पन्न भएको छ । कार्यक्रममा जिल्ला कृषि सहकारी संघका अध्यक्ष पद्मा आचार्य तथा घोराही उपमहानगरपालिकाका सहकारी तथा रोजगार प्रवर्द्धन शाखाका प्रमुख हुमलाल भुषालको समेत आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि गोविन्द प्रसाद शर्माले वर्तमान समयमा सहकारी सस्थामा सम्पत्ती शुद्धिकरण निवारण विषय एकदमै महत्वपुर्ण भएको तथा यसलाई अक्षरंश पालना गर्न नसकेमा सहकारी संस्थामा दुर्घटना हुने तथा सवै प्रारम्भिक सहकारी संस्था तथा संघले सम्पत्ती शुद्धिकरण निवारण



कार्यविधि बनाउनुपर्ने विषयमा जोड दिदै बैंकले यस्ता कार्यक्रमहरुलाई समय सापेक्ष अध्यावधिक गर्दै गएकोमा धन्यवाद समेत व्यक्त गर्नु भएको थियो । सम्पत्ति शुद्धिकरण निवारणको परिचय, प्रकृया, कानुनी व्यवस्था, सहकारीमा यसको आवश्यकताका वारेमा विस्तृत सहजीकरण बैंकका प्रशिक्षक नारायण वेल्वासे गर्नु भएको थियो । ५० जना सहकारी संघ/संस्थाको प्रतिनिधित्व रहेको कार्यक्रममा स्वागत मन्तव्य शाखा दाङ्गका समन्वय उपसमिति सदस्य शुशिला आर्चायले गर्नु भएको थियो भने कार्यक्रमको संचालन बैंकका दाङ्ग शाखा प्रमुख किरण खत्रीले गर्नु भएको थियो ।

# रौतहटमा कर्जा तथा जोखिम व्यवस्थापन तालिम

रौतहट । राष्ट्रिय सहकारी बैंक लिमिटेड चपुर शाखाको आयोजनामा चन्द्रपुरमा कर्जा तथा जोखिम व्यवस्थापन सम्बन्धि २ दिने तालिम पुष २३ गते सम्पन्न भयो । बैंकको चन्द्रनिगाहापुर शाखा प्रमुख रोसन कार्कीको अध्यक्षतामा सम्पन्न तालिम समापन कार्यक्रमको संचालन शाखाका कर्मचारी मिलन दंगालले गर्नुभएको थियो । सो कार्यक्रममा रौतहट बचत संघका उपाध्यक्ष रामविश्वास पासवान, एकीकृत साकोसका अध्यक्ष दिपक रेग्मी, यातायात मजदुर साकोसका अध्यक्ष हरिप्रसाद प्रसाई र सहकारी बैंकका तालिम अधिकृत सुर्यप्रसाद रिमालले आतिथ्यता गर्नुभएको थियो । तालिममा सहकारीमा ऋणको सदुपयोगीता, ऋण लगानी प्रकृया, ऋण जोखिम व्यवस्थापन, ऋण व्यवस्थापनमा सञ्चालक, उप-समिति तथा कर्मचारीहरुको भुमिकाका तथा सहकारी ऐन, नियमावली तथा सम्पत्ति शुद्धिकरण बिषयमा दुई दिनसम्म सहजिकरण गरिएको थियो । समापन कार्यक्रममा सहभागीको तर्फवाट मन्तब्य व्यक्त गर्दै हातेमालो साकोसका ऋण संयोजक नरेस लामिछाने र संकल्प साकोसका ऋण अधिकृत ज्योती सुबेदीले कार्यक्रम ज्यादै उपलब्धीपुर्ण भएको र तालिमबाट आर्जन गरेको ज्ञानलाई सदुपयोग गरि संस्थाको ऋण जोखिम न्युनिकरण गर्ने बताउनुभएको हो ।



चपुर शाखा अन्तर्गतका २५ बटा सहकारीका ३० जनाको सहभागीता रहेको २ दिने तालिमको सहजिकरण राष्ट्रिय सहकारी बैंकका तालिम बिभागका अधिकृत सुर्यप्रसाद रिमाल र शाखा प्रमुख रोशन कार्कीले गर्नुभएको थियो ।

# चापागाउँमा सम्पत्ती शुद्धिकरण निवारण तालिम




चापागाउँ । राष्ट्रिय सहकारी बैंक लिमिटेड चापागाऊँ शाखा कार्यालयले सदस्य संस्थाहरुको वित्तिय सेवालाई प्रभावकारी वनाउने उद्देश्यले एक दिने सम्पत्ती शुद्धिकरण निवारण तालिम पुस २१ गते सम्पन्न गरेको छ । कार्यक्रममा तालिमको महत्व, सहकारी बैंकको प्रदान गरेको सेवा सुविधा, सहकारी शिक्षाको आदिका विषयमा बैंकका सञ्चालक रामहरी बजगाईले भनाई राखि सहभागीहरुलाई प्रशिक्षक नारायण प्रसाद ज्ञवाली र बैंकका सञ्चालक रामहरी बजगाईले संयुक्त रुपमा सहभागीहरुलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो । बैंकको चापागाउँ शाखा प्रमुख रामसरण सापकोटाले संचालन गर्नुभएको उक्त कार्यक्रममा चापागाउँ शाखा अन्तर्गतका ३६ सहकारी संस्थाका ४४ जनाको सहभागीता रहेको थियो ।

# दोलखामा सम्पत्ती शुद्धिकरण निवारण विषयक तालिम

दोलखा । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय दोलखाको आयोजनामा एक दिने सम्पत्ति शुद्धिकरण निवारण विषयक तालिम कार्यक्रम दोलखा सदरमुकाम चरिकोटमा पुस २७ गते सम्पन्न भएको छ ।

दोलखा जिल्लाका विभिन्न सहकारी संघ/संस्थाहरुलाई लक्षित गरी आयोजना गरिएको उक्त तालिममा विभिन्न प्रकृतिका ४० वटा सहकारी संघ/संस्थाहरुबाट संघ/संस्थाहरुका अध्यक्ष, पदाधिकारी, संञ्चालक, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापक तथा कर्मचारीहरुको सहभागिता रहेको थियो । सहकारी संघ/संस्थाहरुमा पछिल्लो समय सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि देखिएको अन्यौलतालाई समाधान गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बैंकका दोलखा शाखा प्रमुख हेमन्त चौलागाईले जानकारी गराउनु भयो । सहकारी संघ/संस्थाहरुको वित्तीय कारोबारलाई थप व्यवस्थित, प्रभावकारी तथा सुशासनयुक्त बनाई सहकारी नीति, नियम र प्रविधियुक्त रुपमा



भएको तालिम कार्यक्रमको सम्पत्ति शुद्धिकरणको परिचय, प्रकृया, कानुनी व्यवस्था, निवारण, सहकारीमा यसको आवश्यकताका बारेमा सहकारी विभागका पुर्व उप-रजिष्टार एंव सहकारी विज्ञ नारायण प्रसाद ज्ञवालीले सहजिकरण गर्नु भएको थियो ।

# सुर्खेतमा रणनीतिक व्यवसायिक योजना तालिम




सुर्खेत । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय सुर्खेतको आयोजनामा संचालित ३ दिने रणनीतिक व्यवसायिक योजना तालिम पुस २५ गते सम्पन्न भएको छ। सुर्खेत लगायतका क्षेत्रवाट ३२ जना सहकारीकर्मीहरुको सहभागितामा सञ्चालित तालिम समापनको अबसरमा मन्तब्य राख्दै जिल्ला कृषि सहकारी संघ सुर्खेतका अध्यक्ष पञ्चकला रावतले तालिमले संस्थाको विकासमा महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गर्नुभयो, साथै उहाले सहकारीको लागि अति आवश्यक तालिम सञ्चालन गरेको प्रति राष्ट्रिय सहकारी बैंक लिमिटेडलाई तालिम सञ्चालन गरेकोमा धन्यबाद व्यक्त गर्नुभएको थियो ।

बैंकको सुर्खेत शाखाका कर्मचारी लक्ष्मी खड्काको सञ्चालनमा सम्पन्न तालिमलाई बैंकका अधिकृत नवकुमार अधिकारीले सहजीकरण गर्नुभएको हो ।

**भूलसुधार गरिएको सम्बन्धमा**

सहकारिताको १६ औं अंकमा राष्ट्रिय सहकारी बैंकका साधारणसभाहरु सम्बन्धी जानकारीमा

तेस्रो र चौथो साधारणसभाको मितिमा बर्ष क्रमश २०६३ पौष ८ गते र २०६४ पौष २१ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्चाईएको छ ।

# दमौलीमा सहकारी ऐन नियमावली सम्बन्धी अभिमुखिकरण तालिम



दमौली । राष्ट्रिय सहकारी बैंक दमौली शाखाको आयोजनामा व्यास नगरपालिका ६ र मध्ये नेपाल नगरपालिका लमजुङ्गका सहकारीहरु समावेस गरि सहकारी ऐन नियम सम्बन्धी १ दिने अभिमुखिकरण तालिम व्यास ७ सिसाघाटमा पुष २३ गते सम्पन्न भएको छ । उक्त कार्यक्रमको सञ्चालन दमौली शाखाका कर्मचारी सुजन रेग्मीले गर्नु भएको थियो । भने सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ साथै बैंकको बारेमा प्रशिक्षण दमौली शाखाका शाखा प्रमुख उपेन्द्र दाहालले दिनु भएको थियो । व्यास न.पा. ६ का वडा सदस्य ढाल प्रसाद घिमिरेको समेतको उपस्थिति रहेको सो कार्यक्रममा ३१ जना सहकारी सस्थाका सञ्चालक, अध्यक्ष र व्यवस्थापकको सहभागिता रहेको थियो ।

# बाँकेमा पर्ल्स विश्लेषण तालिम

बाँके । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना तथा हेफर इन्टरनेशलनको बित्तिय सहयोगमा बाँकेको, नेपालगञ्जमा ३ दिने पर्ल्स विश्लेषण तालिम पुष २९ गते सम्पन्न भएको छ । कार्यक्रममा बाँके र सुर्खेत जिल्लाका बिभिन्न सहकारी संस्थाका अध्यक्ष, कोषाध्यक्ष, व्यवस्थापक, लेखापाल, सहकारी सहजकर्ता तथा परियोजना संयोजक गरी २८ जनाको सहभागिता रहेको थियो । तालिमको समापनमा सहभागिको तर्फवाट मन्तव्य राख्दै संभ्कौता समाजिक उद्यमी महिला सहकारी संस्था बिरेन्द्रनगर सुर्खेतका व्यवस्थापक भुमीसरा श्रेष्ठले तालिम निकै प्रभावकारी प्रशिक्षण बिधिवाट भएकोमा खुसी ब्यक्त गदै यो तालिमले आगामि दिनमा संस्थालाई बित्तिय पक्षमा व्यवस्थित रुपमा संचालन गर्न



सहयोग गर्ने बताउनु भएको थियो । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजिकरणमा सम्पन्न भएको हो ।

# सामाजिक कार्यमा बैंकको सहभागिता

## बैंकद्धारा न्यानो कपडा वितरण



रुपन्देही । राष्ट्रिय सहकारी बैंक लिमिटेड र लुम्बिनी विकास मञ्चले सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा निकै पछाडि पिछडिएका विपन्न गरिव बालवालिका तथा बृद्धहरुका लागि पुस १५ गते बैंकको सामाजिक कार्य अन्तर्गत निशुल्क न्यानो कपडा वितरण गरेको छ। गैडहवा र लुम्बिनी क्षेत्रका करिव ८ सय जना भन्दा बढिलाई न्यानो कपडा वितरण गरिएको हो ।

## बैंकको नेतृत्वमा न्यानो कम्वल वितरण



सिरहा । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय लहानको संयोजनमा श्रमजिवि वचत तथा ऋण सहकारी संस्था लहान र स्वस्तिक वचत तथा ऋण सहकारी संस्था गाढा-९, सिरहाद्वारा सिरहाका धनगढी-१, नैनपुर र सुखिपुर-८ का विपन्न ७९ घर परिवारलाई पुस २२ गते कम्वल वितरण गरिएको थियो । तराई भु-भागमा शित लहर भई अत्याधिक चिसो बढेकाले पिछडिएका अति विपन्न वर्गका मानिसको जिवन कष्टकर भईरहेको अवस्थामा सामाजिक दायित्व अन्तर्गत न्यानो कम्वल वितरण गरिएको हो ।

# सिन्धुलीमा वार्षिक योजना तथा बजेट तर्जुमा तालिम

सिन्धुली। राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय सिन्धुलीको आयोजनामा २ दिने वार्षिक योजना तथा बजेट तर्जुमा तालिम पुस २८ गते सम्पन्न भएको छ। सहकारी संघ/संस्थाहरुमा वार्षिक बजेट निर्माण गर्ने तथा रणनीतिक योजना तयार गरी सहकारी संघ/संस्थाहरुको दिगो लक्ष्य प्राप्तिमा सहयोग पुग्ने उद्देश्यले आयोजना भएको सो तालिम कार्यक्रमको सहजीकरण बैंकका तालिम अधिकृत सूर्य प्रसाद रिमालले गर्नुभएको थियो । बैंकको सिन्धुली शाखा अन्तर्गत कारोबार गर्ने विभिन्न सहकारी संघ/संस्थाहरुबाट ३० जनाप्रतिनिधिहरुको तालीममा सहभागिता रहेको थियो ।



# बैंकद्वारा सम्मान

## धादिङ

एशियाली ऋण महासंघ (ACCU) द्वारा संचालित ACCESS Branding कार्यक्रम अन्तर्गत सन २०१९ मा SILVER Brand प्राप्त गर्ने ३ नं प्रदेश अन्तर्गत धादिङमा संचालित जनकल्याण साकोसलाई राष्ट्रिय सहकारी बैंकका तर्फबाट संस्थामा नै गई मंसिर ४ गते सम्मान प्रदान गरिएको छ । राष्ट्रिय सहकारी बैंकको सञ्चालक ज्ञान बहादुर तामाङले संस्थाका अध्यक्ष देव प्रसाद त्रिपाठी तथा प्रमुख कार्यकारी अधिकृत कृष्ण कान्त मिश्रलाई सम्मान पत्र प्रदान गर्नुभएको थियो । उक्त सम्मान कार्यक्रमा संस्थाका सञ्चालक,सल्लाहकार तथा उच्च तहका कर्मचारीहरुको उपस्थिति रहेको थियो । सम्मान कार्यक्रममा संस्थाको गतिविधी बारे संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्ण कान्त मिश्रले जानकारी गराउनु भएको थियो । सो अवसरमा बैंकको गतिविधि तथा सेवा प्रवाह सम्बन्धमा बैंकका कंलकी शाखाका शाखा प्रमुख राम कुमार तिमल्सिनाले जानकारी गराउनु भएको थियो ।





## भक्तपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा एशियाली ऋण महासंघ (ACCU) को गुणस्तर सुनिश्चित कार्यक्रमवाट एक्सेस ब्राण्ड प्राप्त गर्न सफल भक्तपुर सुर्यबिनायकमा संचालित बाराही साकोसलाईलाई मंसिर ५ गते सम्मानका साथै बधाई तथा शुभकामना प्रदान गरिएको छ, बैंकका अध्यक्ष के.वी. उप्रेती सहित सञ्चालकद्वय सरिता भट्टराई र ज्ञान बहादुर तामाङ्ग, बैंकको ब्यबसाय प्रबर्धन उप-समितिका सदस्य सत्यनारायण प्रजापति, बैंकको ठीमी शाखा समन्वय उप-समितिका संयोजक केदार खड्का, बैंकको ठीमी शाखा समन्वय उप-समितिका सदस्यहरु सहित बैंकका ठीमी शाखा कार्यालय प्रमुख दिनेश गेलालको उपस्थितिमा एशियाली ऋण महासंघ (ACCU) द्वारा संचालित ACCESS Branding कार्यक्रम अन्तर्गत सन २०१९ मा Bronze Brand प्राप्त गर्न सफल भएकोले उक्त संस्थालाई सम्मानका साथै बधाई तथा शुभकामना प्रदान गरिएको थियो, सो सम्मान कार्यक्रममा संस्थाका अध्यक्ष बलराम प्रजापति सहित सञ्चालक समितिको उपस्थिति रहेको थियो ।



## बर्दिया

एशियाली ऋण महासंघ (ACCU) को गुणस्तर सुनिश्चित कार्यक्रमवाट एक्सेस ब्राण्ड प्राप्त गर्न सफल भुरिगाउँ बर्दियामा संचालित सिको साकोसलाई पुष १४ गते बैंकले सम्मानका साथै बधाई तथा शुभकामना प्रदान गरेको छ, बैंकका सञ्चालक विजया धिताल सहित बैंकको कोहलपुर शाखा कार्यालयका कर्मचारी प्रकाश सिंह कार्कीको उपस्थितिमा एशियाली ऋण

महासंघ ( ACCU) द्वारा संचालित ACCESS Branding कार्यक्रम अन्तर्गत सन २०१९ मा Bronze Brand प्राप्त गर्न सफल भएकोले उक्त संस्थालाई सम्मानका साथै बधाई तथा शुभकामना प्रदान गरिएको थियो। सो सम्मान कार्यक्रममा संस्थाका अध्यक्ष दामोदर अधिकारी सहित सञ्चालक समिति,ऋण उप-समिति तथा लेखा समितिका सदस्यहरुको उपस्थिति रहेको थियो ।

**बनेपा**

एशियाली ऋण महासंघको गुणस्तर सुनिश्चित कार्यक्रम एक्सेसमा काभ्रेपलान्चोक जिल्लावाट एक्सेस सिल्भर ब्राण्ड प्राप्त गर्न सफल बिन्धबासिनी साकोस र सामुदायिक साकोस तथा एक्सेस ब्रोन्ज ब्राण्ड प्राप्त गर्न सफल बुडोल सामुदायिक साकोस र चन्डेश्वरी साकोसलाई मंसिर १२ गते एक कार्यक्रमका बीच बैंकका अध्यक्ष के.वी. उप्रेतीले सम्मानपत्र प्राप्त प्रदान गरी सम्मानित समेत गर्नुभएको थियो ।

# अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको सहभागिता



१) CICTAB को Research Coordination Committe को Nodal Officer मा राष्ट्रिय सहकारी बैंक लिमिटेडले बैंकका प्रबन्धक रामबाबु आचार्यलाई मनोनीत गरेको छ, उक्त समितिको डिसेम्बर ३० मा भारतको पुणेंमा सम्पन्न भएको बैठकमा बैंकका प्रबन्धक तथा CICTAB को Research Coordination Committe को Nodal Officerरामबाबु आचार्यले सहभागिता जनाउनु भएको थियो ।

२) नेडाकको आयोजनामा डिसेम्बर १२ र १३ मा श्रीलंकाको कोलम्बोमा भएको Executive Committee Meeting of NEDAC मा बैंकका सञ्चालक सरिता भट्टराईले सहभागिता जनाउनु भएको हो ।

३) National Credit Union Federation of Korea (NACUFOK) को आयोजनामा डीसेम्बर 02 देखि 12 सम्म Seoul, South Korea मा सम्पन्न भएको Asian CU Leader's Program मा बैंकले सहभागिता जनाएको छ, बैंकको तर्फवाट बैंकको न्युरोड शाखा कार्यालयका प्रमुख केदारनाथ उप्रेतीले कार्यक्रममा सहभागिता जनाउनु भएको थियो ।

४) एशियाली ऋण महासंघ (ACCU) को आयोजनामा नोबेम्बर २४ देखि ३० सम्म थाईल्यांडको Bangkok मा सम्पन्न भएको "26th Development Education Workshop" मा बैंकले सहभागिता जनाएको छ, बैंकको तर्फबाट उक्त कार्यक्रममा मेन्टोरको रूपमा बैंकका सञ्चालक सरिता भट्टराई सहभागि हुनु भएको थियो, साथै कार्यक्रममा बैंकका सञ्चालकहरु केदार मानन्धर र विजया धिताल तथा बैंकको तालिम विभागका बरिष्ठ अधिकृत मीना कुमारी शर्मा समेत सहभागी हुनुभएको थियो ।

**PEARLS**

- P = Protection (सुरक्षण)
- E = Effective Financial Structure (प्रभावकारी वित्तीय संरचना)
- A = Assets Quality (सम्पत्तिको गुणस्तर)
- R= Rate of Return & Cost (प्रतिफल दर तथा लागत)
- L = Liquidity (तरलता)
- S = Sign of growth (वृद्धिको सङ्केत)

# उत्कृष्ट सहकारी र सहकारीकर्मीहरु सम्मानित

काठमाडौं । राष्ट्रिय सहकारी बैंकले ३ पुस गते बिहीवार आफ्नो १६ औं वार्षिक साधारणसभामा उत्कृष्ट कारोबार गर्ने देशभरबाट छनोट भएका सहकारीहरु, सहकारी अभियन्ता, पत्रकार, कर्मचारी र उत्कृष्ट शाखालाई सम्मान तथा पुरस्कृत गरेको छ ।

साधारणसभामा प्रमुख अतिथि अर्थमन्त्री डा.युवराज खतिवडाले सम्मानित तथा पुरस्कृतहरुलाई सम्मान पत्र सहित सम्मान गर्नु भएको थियो ।

सम्मानित हुनेहरुमा राष्ट्रिय स्तरमा बचत तथा ऋणतर्फ उत्कृष्ट हुने सिवाइसी बचत तथा ऋण सहकारी संस्था बागलुङ, अन्य सहकारीतर्फ उत्कृष्ट हुने हंस बहुउद्देश्यीय सहकारी संस्था भरतपुर, उत्कृष्ट संघहरुतर्फ जिल्ला सहकारी संघ चितवन र महिलाहरुद्वारा सञ्चालित सहकारी मध्ये तमोर महिला कृषि सहकारी संस्था ताप्लेजुङ रहेका छन् ।

यस्तै प्रदेश अन्तरगत बचत तथा ऋण र अन्यबाट पुरस्कृत हुने संस्थाहरुमा प्रदेश नं. १ बाट नमस्ते बचत तथा ऋण सहकारी झापा र शुभलक्ष्मी सहकारी झापा, प्रदेश नं. २ बाट नव विकास बचत तथा ऋण सहकारी संस्था रौतहट र साना किसान कृषि सहकारी संस्था बारा, प्रदेश नं. ३ बाट सुप्रिम बचत तथा ऋण सहकारी संस्था ललितपुर र जनएकता बहुउद्देश्यीय सहकारी संस्था काठमाडौं रहेका छन् ।

यस्तै गण्डकी प्रदेशबाट बिरुवा बचत तथा ऋण सहकारी संस्था पोखरा र हाम्रो बहुउद्देश्यीय सहकारी संस्था पोखरा, प्रदेश नं.५ बाट लुम्बिनी बचत तथा ऋण सहकारी संस्था बुटवल र भद्रकाली बहुउद्देश्यीय सहकारी संस्था रुपन्देही, कर्णाली प्रदेशबाट महिला जागृती बचत तथा ऋण सहकारी संस्था सुर्खेत र हरियो हिरा कृषि तथा जडिबुटि सहकारी संस्था सुर्खेत तथा सुदुरपश्चिम प्रदेशबाट सुदुर नेपाल बचत तथा ऋण सहकारी संस्था र सुदुरपश्चिमाञ्चल बहुउद्देश्यीय सहकारी संस्था रहेका छन् ।

यस्तै बैंकले पूर्व सञ्चालकहरु मध्येबाट मुकुन्द दाहाल, सहकारी बैंक विद्वता पुरस्कार डा.कृष्ण पौडेल, सहकारी बैंक पत्रकारिता पुरस्कार यादव हुमागाई, सहकारी अभियन्ता पुरस्कार दिपक प्रकाश बाँस्कोटालाई प्रदान गरेको छ ।

बैंकका ४४ शाखाहरु मध्ये उत्कृष्ट शाखाका रुपमा पोखरा शाखा, उत्कृष्ट कर्मचारीहरु तर्फ अधिकृत स्तरमा शान्ता गिरी, सहायक स्तरमा सुमित्रा क्षेत्री र सहयोगी स्तरमा विष्णुप्रसाद चौलागाईलाई पुरस्कृत गरिएको थियो । कार्यक्रममा पुरस्कार तथा सम्मानको घोषणा बैंकका सञ्चालक एवम् शिक्षा, तालिम तथा सम्मान उपसमितिका संयोजक सरिता भट्टराईले गर्नु भएको थियो ।

## बैंकको शेयर खरिद गर्दा चाहिने आवश्यक कागजातहरु

- राष्ट्रिय सहकारी बैकमा शेयर खरिद गर्ने, यस कामको लागि अख्तियार प्रदान गरीएको व्याक्ती समेत तोकी गरीएको संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपी
- शेयर खरिदको लागि बैकलाई लेखिएको पत्र
- संस्थाको प्यानको प्रतिलिपी
- संचालक समितिको नागरीकताको प्रमाणित प्रतिलिपी
- संस्थाको पारित विनियमको प्रतिलिपी
- संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपी

## बैंकमा खाता संचालन गर्दा चाहिने आवश्यक कागजातहरुः

- सहकारी संघ/संस्थाको दर्ता प्रमाणपत्र,
- संस्थाको विनियम
- स्थायी लेखा नम्बर (प्यान)
- संस्थाको अन्तिम वर्षको लेखापरीक्षण प्रतिवेदन
- संस्थाको सबै संचालक समितिको नाम, ठेगाना, सम्पर्क नम्बर, फोटोका साथै तीन पुस्ते विवरण खूलाएको पत्र ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर

**लेखा परिक्षण नभएको बित्तिय विवरण (अपरिष्कृत)**

**दोस्रो त्रैमास आ.व. २०७६/०७७ (मिति २०७६/०९/२९)**

**रकम रु. हजारमा**

| क्र.सं. | विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गत वर्षको यस त्रैमासमा |
|---|---|---|---|---|
| १ | **कूल पूंजी तथा दायित्व (१.१ देखि १.७)** | **३३,७९९,६४८** | **३१,४८१,१७७** | **२०,६९३,०९९** |
| १.१ | शेयर पूंजी | १,९०८,०३५ | १,६८३,८६५ | १,२९८,२८६ |
| १.२ | जगेडा तथा कोषहरु | ७७४,५७५ | ६८९,६५७ | ५०३,५९३ |
| १.३ | ऋणपत्र तथा वण्ड | – | – | – |
| १.४ | तिर्न बाँकी कर्जा सापट | २३८,२०६ | २५३,९६९ | २८३,५२२ |
| १.५ | **निक्षेप दायित्व** | **३०,४८३,०८८** | **२८,४०१,१५७** | **१८,३७३,६२४** |
| | क.स्वदेशी मूद्रा | ३०,४८३,०८८ | २८,४०१,१५७ | १८,३७३,६२४ |
| | ख.बिदेशी मूद्रा | – | – | – |
| १.६ | आयकर दायित्व | | | |
| १.७ | अन्य दायित्व | ३९५,७४४ | ४५२,५२८ | २३४,०७३ |
| २ | **कूल सम्पती (२.१ देखि २.७)** | **३३,७९९,६४८** | **३१,४८१,१७७** | **२०,६९३,०९९** |
| २.१ | नगद तथा बैंक मौज्दात | ५,९४३,५०० | ८,२८६,२२७ | ३,४४९,४८१ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | – | – |
| २.३ | लगानी | ६,६६०,११५ | ३,८००,११५ | १,९३०,११५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | २०,६६९,३२५ | १९,०००,६३६ | १४,८७४,७६१ |
| २.५ | स्थिर सम्पती | १९७,८१९ | १८९,८८९ | १९६,८१९ |
| २.६ | गैर बैकिङ्ग सम्पती | – | – | – |
| २.७ | अन्य सम्पती | ३२८,८८९ | २०४,३१० | २४१,९२३ |
| ३ | **नाफा नोक्सान हिसाब** | | | |
| ३.१ | ब्याज आम्दानी | १,७४६,१९३ | ८४५,७०३ | १,११७,२१९ |
| ३.२ | ब्याज खर्च | १,२१५,६३२ | ६१५,५१६ | ७३५,६३५ |
| | **खुद ब्याज आम्दानी** | **५३०,५६२** | **२३०,१८७** | **३८१,५८४** |
| ३.३ | कमिशन तथा डिस्काउण्ट | ८९८ | ३९८ | ८११ |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ५२,२२३ | १७,५८३ | ६६,७८० |
| ३.५ | सटही घटबढ नाफा/नोक्सान | – | – | – |
| | **कुल सञ्चालन आम्दानी** | **५८३,६८३** | **२४८,१६७** | **४४९,१७४** |
| ३.६ | कर्मचारी खर्च | १०१,७९६ | ५६,४३६ | ७९,१७४ |
| ३.७ | अन्य संचालन खर्च | ६७,३०१ | २८,२९७ | ५०,६०९ |
| | **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **४१४,५८७** | **१६३,४३४** | **३१९,३९१** |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | २०३,५६२ | ९९,४२४ | १५३,७३७ |
| | **सञ्चालन मुनाफा** | **२११,०२४** | **६४,०१०** | **१६५,६५४** |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | ९३ | ६८ | १७ |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १२५,०६१ | ४९,९२६ | ४५,४४० |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | **३३६,१७९** | **११४,००४** | **२११,१११** |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | (१५) | २५ | ७९ |
| | **सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **३३६,१६४** | **११४,०२९** | **२११,१९०** |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | ३०,५६० | १०,३६६ | १९,१९९ |
| ३.१३ | आयकर व्यवस्था | ३०,५६० | १०,३६६ | ३८,३९८ |
| | **खुद नाफा/(नोक्सान)** | **२७५,०४३** | **९३,२९७** | **१५३,५९३** |
| ४ | **अनूपातहरु** | | | |
| ४.१ | जोखिम भारित सम्पतीमा पूंजीको पर्याप्तता (प्रतिशत) | १०.९९ | १०.९३ | १२.१८ |
| ४.२ | निष्क्रिय कर्जा/कूल कर्जा (प्रतिशत) | १.२० | २.०२ | २.३१ |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | २१०.९२ | १३९.६० | १५६.५८ |
| ४.४ | पूंजिको औसत लागत | ८.०१ | ८.५१ | ८.१६ |
| ४.५ | कर्जा/निक्षेप अनुपात (प्रतिशत) | ६३.४९ | ६३.०७ | ७४.५४ |

**नोट : यदि नेपाल राष्ट्र बैंक तथा वाह्य लेखापरिक्षणले कारण सहित विवरण परिवर्तन गरेको खण्डमा विवरणहरु परिवर्तन हुन सक्नेछ ।**

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

# सहकारी बैंकको १६ औं वार्षिक साधारणसभाका केही झलकहरु




























# सहकारी बैंकबाट लघुवित्त कर्जा लिई सदस्यलाई लगानी गरिसकेपछि सदस्यहरुमा भएको परिवर्तन

सम्झना कृषि सहकारी "कृषि क्षेत्रमा सदैब अगाडि" भन्ने मूल अभियानका साथ मिति २०६० श्रावण ३ गतेका दिन डिभिजन सहकारी कार्यालय ललितपुरमा दर्ता भई गोदावरी नगरपालिका-१०, ललितपुरमा कार्यालय स्थापना गरी लघुवित्त कार्यक्रम मार्फत विभिन्न केन्द्रहरु निर्माण गर्दै महिला दिदीबहिनीहरुलाई प्राथमिकताका साथ सदस्य बनाई संस्थाको कारोवार गर्दै आइरहेको संस्था हो, सहकारीको माध्यमबाट विशेषतः महिला दिदीबहिनीहरुको आर्थिक एवम् सामाजिक नेतृत्व विकास तथा चेतनाको स्तर अभिवृद्धि गराउने मुख्य उद्देश्यका साथ सदस्यहरुको बिचमा आफ्नो आर्थिक कारोबारको साथसाथै अन्य सामाजिक, साँस्कृतिक कार्यक्रम समेत संस्थाले सञ्चालन गरिरहेको छ ।



धेरै समय पनि भएको छैन ललितपुर जिल्लाको कोन्ज्योसोम गा.पा.र महाँकाल गा.पा.को २ वटा वडा जहाँ विशेष गरि तामाङ समुदायको बाहुल्यता रहेको छ, त्यस क्षेत्रमा बसोबास गर्ने समुदायको जीवन निर्वाहको माध्यमको रुपमा गोल पोलेर बिक्री गर्ने उपाय थियो त अर्को रक्सी बनाउने अनि बिक्रि गर्ने जव सम्झना कृषि सहकारी संस्थाले त्यस क्षेत्रका बासिन्दामा सहकारी शिक्षा प्रदान गर्दै सहकारी मार्फत समृद्धि हासिल गर्न सकिने सम्बन्धमा जानकारी गरायो तव त्यस भेगका बासिन्दाहरु तरकारी खेती, भैसीपालन, कूखुरा तथा बंगुरपालन लगायतका उत्पादनशिल व्यवसायमा आवद्ध हुने क्रम बढ्दै गयो, सदस्यहरु व्यवसाय प्रति इच्छुक हुदै गैरहदा संस्थालाई सदस्यहरुको माग अनुसारका कर्जा प्रदान गर्नुपर्ने अवस्था आएको स्मरण गर्दै संस्थाका व्यवस्थापक बिकास बिष्ट भन्नुहुन्छ,त्यस समय राष्ट्रिय सहकारी बैंकवाट लघुकर्जा लिई सदस्यहरुको आवश्यकता पूरा गर्न सकिने देखेर बैंकको चापागाउ शाखामा सम्पर्क गर्यौं, सोचे अनुरूपनै सम्पूर्ण प्रक्रिया पूरा गरी संस्थाले बैंकवाट लघुकर्जा लिन सफल भयो, व्यवस्थापक बिष्टका अनुसार संस्थामा अहिले सहकारीवाट लघुकर्जा लिई विभिन्न व्यवसायिक गतिबिधिमा आबद्ध भएर सदस्यहरुले मासिक २ देखि ३ लाख सम्म आम्दानी गर्दै आईरहेका छन, विगत केही वर्ष अगाडी सम्म रक्सीका जरकिन तथा गोल बोक्ने गाडीहरु अहिले दुध, तरकारी बोक्न थालेका छन । यो राष्ट्रिय सहकारी बैकको लघु तथा विपन्न कर्जाको कारणले देखिएको प्रत्यक्ष परिवर्तन हो । संस्थामा आबद्ध सदस्य सेतीमाया स्याङत्याङले १० वटा भैसीपालन गरी मासिक २ देखि २ लाख ५० हजार सम्म आम्दानी गरिरहनु भएको छ, उहाँको अनुसार देशमै बसेर मनग्य आम्दानी गर्न कुनै गाह्रो छैन, सहकारी मार्फत पैसा र व्यवसाय दुबैमा सफल बन्न सकिने उहाँको मिठो अनुभव छ ।



केन्द्र अध्यक्ष मार्फत शेयर सदस्यहरुलाई तरकारीका बिउबिजन वितरण गरिदैं ।

सम्झना कृषि सहकारीले महिला दिदीबहिनीहरुलाई हालसम्म ७८ वटा केन्द्र निर्माण गरी सामुहिक रुपमा करिब २००० सदस्य दिदीबहिनीहरुको बिचमा कारोवार गर्दै गतिविधि सञ्चालन गरिरहेको छ त्यस्तै संस्थाले ७८ सहित ८२ वटा केन्द्र निर्माण गर्दै ३२० समुहमा विभाजन गरेको छ । छोटो समयमानै धेरै महिला दिदीबहिनीहरु संस्थामा आबद्ध हुनु संस्थाको महत्वपूर्ण उपलब्धि हो । संस्थाले गत बर्ष ४० लाख नाफा आर्जन गर्न सफल भएको संस्थाले यस बर्ष ८० लाख नाफा आर्जन गर्ने लक्ष्य सहित अगाड़ी बढेको व्यवस्थापक विकास विष्टले बताउनु भयो । उहाँको अनुसार आगामी बर्ष संस्थाको पहलमा सदस्यहरु मार्फत व्यवसायिक तरकारी खेती तथा च्याउ खेती गर्ने योजना समेत बनाएको छ ।

सम्झना कृषि सहकारी संस्थालाई राष्ट्रिय सहकारी बैंक लिमिटेडले चार करोड नब्बे लाख लघुकर्जा तथा एक करोड बीस लाख धितो कर्जा प्रदान गरी बैंकको चापागाऊँ शाखा कार्यालय मार्फत नियमित कारोवार गरिरहेको बैंकको चापागाऊँ शाखा कार्यालयका प्रमुख रामशरण सापकोटाले जानकारी दिनुभयो ।